जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

विषादीको प्रयोग भएको खाद्यवस्तु, फलफूल एवं तरकारीको उपभोगबाट प्यारालाइसिस, हृदयघात तथा मृत्युसमेत हुनसक्ने भएकोले त्यस्ता वस्तुको उपभोगमा सावधानी अपनाऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २६ • अंक ६९ • २०८१ साल साउन १३ गते आइतबार (28 July, Sunday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

# रायको हत्या घरमा काम गर्नेबाट भएको निष्कर्ष

## विधि विज्ञान प्रयोगशालाको रिपोर्ट आउन बाँकी

**टुडे समाचारदाता**

सर्लाही । पूर्वराज्यमन्त्री रामचन्द्र रायको हत्या उनकै घरमा काम गर्नेबाट भएको निष्कर्ष प्रहरीले निकालेको छ ।

पूर्वराज्यमन्त्री रायको घरमा काम गर्ने रामउजैन रायको आधारहीन भनाइ एवं गतिविधिका आधारमा हत्यामा राम उजैनकै संलग्नता रहेको निष्कर्षमा प्रहरी पुगेको बताइएको छ ।

कविलासी नगरपालिका - ३ का २१ वर्षीय रामउजैनलाई प्रहरीले घटनालगतै पक्राउ गरेको थियो । पूर्वराज्यमन्त्री रायको साउन ६ गते राति रतनपुरस्थित आफ्नै घरमा हत्या भएको थियो ।

साउन ६ गते राति घरमा दुईजना मात्रै रहेका थिए । रामचन्द्रको हत्याको भन्दै प्रहरीलाई राति रामउजैनले नै खबर गरेका थिए । प्रहरीलाई उनलै सुरुमा राति ९ बजेतिर तीनजना जग्गाको विवाद मिलाउन भन्दै आएको र आफूलाई सुत्न पठाएको बताएका थिए ।

तर, राति १ बजे उठेर हेर्दा रामचन्द्रको हत्या भएको आफूले थाहा पाएको र खबर गरेको सुरुवातमा बताएका थिए । रामउजैनको भनाइ र गतिविधिको छानबिनबाट अहिलेसम्म हत्यामा रामउजैनकै संलग्नता देखिएको अनुसन्धान गरिरहेका प्रहरीको केन्द्रीय अनुसन्धान व्युरोका अधिकारीहरुको ठहर छ ।



हत्याको अनुसन्धानका लागि सीबीआईको टोली सर्लाहीमा रहेको छ ।अनुसन्धान टोलीले घटनामा प्रयोग भएको फरसा त्यतिबेला नै फेला पारेको थियो । यस्तै रामउजैनले पूर्वराज्यमन्त्री रामचन्द्रलाई हत्या गर्दा लगाएको कपडा रगतसहित घर नजिकै लुकाएको अवस्थामा अनुसन्धानका क्रममा फेला पारेको केन्दीय अनुसन्धानका व्युरोका एक अधिकारीले बताएका छन् ।

पूर्वराज्यमन्त्रीको हत्याका बारेमा स्थानीयले जग्गा विवादभन्दा पनि साउन ६ गते रामचन्द्रले बैकबाट रकम निकालेको र सोही लुटनका लागि हत्या हुनसक्ने आशका गरेका थिए । प्रहरीले भने रामचन्द्रको हत्या भएपछि रामउजैन आफ्नो घर कविलासी नगरपालिका पुगी पुनः पूर्वराज्यमन्त्री रामचन्द्रको चन्द्रनगर गाउँपालिका-१ रतनपुर आएको बताएकै बेलादेखि नै हत्यामा रामउजैनको संलग्नताको आशंका प्रहरीले गरेको थियो ।

पक्राउपछि रामउजैनले अपरिचित तीन जना राति जग्गा विवाद मिलाउन आएको र वास बसेका कारण आफू छतमा गइ सुत्न गएको र राति लघुशंका गर्न उठदा पूर्वराज्यमन्त्री रामचन्द्रको हत्याको अवस्थामा पाएको प्रहरीलाई बताएका थिए ।

पूर्वराज्यमन्त्री रामचन्द्रको सहयोगीका रुपमा रहेको रामउजैनप्रति रामचन्द्रका परिवारजनको विश्वासमा कमी देखिएको छैन उनीहरु अहिले पनि हत्यामा अन्यको संलग्नताको खोजीका लागि जिल्ला प्रहरी कार्यालय सर्लाहीलाई आग्रह गरिहेका छन् ।

अनुसन्धानका क्रममा हत्यासँग सम्बन्धित फेलाका सबै सामान परीक्षणका लागि विधि विज्ञान प्रयोगशालामामा पठाइएको प्रहरीले जानकारी दिएको छ। हामीले अन्य कोणबाट पनि अनुसन्धान गरिरहेका छौं, तर, अहिलेसम्मको अनुसन्धानबाट रामउजैनको मात्रै संलग्नता देखिएको छ, त्यसलाई प्रमाणबाटै पुष्टि गर्न बरामद भएका भएका सामान परीक्षणका लागि विधि विज्ञान प्रयोगशालामा पठाएका छौं ,त्यो रिपोर्ट आएपछि सबै कुरा सार्वजनिक गरिने अनुसन्धान अधिकारीले बताए ।










# चितवनमा ६४ जनामा डेङ्गु सङ्क्रमण




चितवन ।चितवनमा ६४ जनामा डेङ्गुको सङ्क्रमण देखिएको छ । तीन सय जनाको परीक्षणका क्रममा उनीहरुमा डेङ्गु सङ्क्रमण देखिएको हो । सङ्क्रमितमध्ये ५१ जना चितवनका हुन् । साउन महिनाको ११ गते सम्ममा उनीहरुमा डेङ्गु सङ्क्रमण देखिएको हो ।

जनस्वास्थ्य कार्यालय चितवनका प्रमुख दिनेश रुपाखेतीका अनुसार यस वर्ष इच्छाकामना गाउँपालिकामा डेङ्गुको सङ्क्रमण बढेको छ । गाउँपालिकामा हालसम्म ४५ जनामा डेङ्गुको सङ्क्रमण देखिएको उहाँले बताउनुभयो ।

भरतपुर महानगरपालिकामा हालसम्म ६ जनामा डेङ्गु देखिएको छ। उहाँले भन्नुभयो, "डेङ्गुको सङ्क्रमण इच्छाकामना गाउँपालिका र भरतपुर महानगरपालिकाको बजार क्षेत्रमा बढी छ।" सङ्क्रमण बढेसँगै सङ्क्रमित क्षेत्रमा सचेतना बढाइएको उहाँले बताउनुभयो ।

जिल्लामा २०८० साउनदेखि २०८१ असारसम्म एक हजार आठ सय ३१ जनामा डेङ्गुको सङ्क्रमण देखिएको थियो । प्रमुख रुपाखेतीका अनुसार २३ हजार आठ सय ४० जनाको परीक्षणका क्रममा उनीहरुमा सङ्क्रमण देखिएको हो ।

विशेषगरी भदौ र असोजमा डेङ्गु रोग बढी देखिने गर्दछ । उहाँले भन्नुभयो, "अहिले साउनको सुरुआतदेखि नै डेङ्गुको सङ्क्रमण देखिन थालेको छ ।" यो रोग एडिस जातको पोथी लामखुट्टेको टोकाइबाट सर्ने गर्दछ । यो लामखुट्टेले प्रायःबिहान र बेलुकाको समयमा टोक्छ । वर्षात्को महिनासँगै जताततै पानी जम्न थालेपछि यो रोग देखिो गर्छ ।

यो लामखुट्टेले प्लाष्टिक, टिनका डब्बा, ड्रमहरु, थोत्रा वा पुराना टायर, गमला, कुलरमा जम्मा भएको सफा पानी, खुला पानीको ट्याङ्की, आदिमा फूल पार्ने गर्दछ । यी ठाउँमा जम्मा भएको पानीलाई सफा नगर्दा रोगको प्रकोप बढ्छ । डेङ्गु लाग्दा आँखाको गेडी तथा टाउको धेरै दुख्ने, शरीर कट्कटी दुख्ने, जोर्नी, हड्डी तथा मांसपेशी दुख्ने, शरीरमा बिबिरा आउने र रक्तस्राव हुने, उच्च ज्वरो आउनेजस्ता लक्ष्यण देखा पर्छन् । यस्तै वाकवाकी लाग्ने, बान्ता हुने, पेट दुख्ने, नाक वा गिँजाबाट रगत बग्ने, रक्तश्राव हुनेजस्ता लक्षण देखापर्ने उहाँले बताउनुभयो । डेङ्गुबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नु हो ।


डेङ्गु ज्वरो नेपालमा पहिलो पटक सन् २००४ मा चितवनमा देखिएको थियो । चितवन घुम्न आएका एक जापानी पर्यटकमा यो रोग पुष्टि भएको थियो । उनलाई सामान्य ज्वरो आएका कारण उपचारपश्चात् जापान फर्किएर परीक्षणका क्रममा डेङ्गु पुष्टि भएको कार्यालय प्रमुख रुपाखेतीले जानकारी दिनुभयो । त्यसपछि सन २००६ मा तराई र भित्री मधेसका केही जिल्लामा डेङ्गुका बिरामी भेटिएका थिए । सन् २००९ मा चितवनमा नौ जनामा डेङ्गुको सङ्क्रमण देखिएको उहाँले बताउनुभयो । योसँगै आपसका जिल्लाबाट पनि ज्वरोका बिरामी उपचारका लागि चितवन आउने गरेका थिए । सन् २०१० मा तीन हजार दुई सय ९८ जनाको परीक्षणका क्रममा सात सय ३९ जनामा डेङ्गु सङ्क्रमण देखिएको थियो ।

यस्तै आर्थिक वर्ष २०७४/७५ मा एक हजार दुई सय ९१ जनाको परीक्षणका क्रममा ५९ जनामा डेङ्गु पुष्टि भएको थियो । सो समयमा एक जनाको मृत्यु भएको कार्यालयको तथ्याङ्कमा उल्लेख छ । यस्तै आव २०७५/७६ मा एक हजार नौ सय ५१ जनाको परीक्षणका क्रममा ३१ जनामा डेङ्गु भेटिएको थियो । आव २०७६/७७ मा १९ हजार दुई सय ३० जनाको परीक्षणका क्रममा चार हजार आठ सय तीन जनामा सङ्क्रमण देखिएको थियो भने तीन जनाको मृत्यु भएको थियो । आव २०७७/७८ मा एक हजार सात सय १७ जनाको परीक्षणका क्रममा दुई सय ४३ जनामा डेङ्गु रोग देखिएको कार्यालयले जनाएको छ ।

आव २०७८/७९ मा १४ हजार नौ सय ७८ जनाको परीक्षण गरिएकामा तीन हजार तीन सय ३६ जनामा सङ्क्रमण पुष्टि भएको थियो ।

त्यस वर्ष डेङ्गुका कारण चार जनाको मृत्यु भएको उहाँले जानकारी दिनुभयो । आव २०७९/८० मा पाँच हजार चार सय ५४ जनाको परीक्षण गर्दा तीन सय तीन जनामा डेङ्गुको सङ्क्रमण देखिएको थियो ।रासस

# देशभर १० जनामा हैजा सङ्क्रमण, सरसफाइमा विशेष ध्यान दिन विज्ञको सुझाव



काठमाण्डु । स्वास्थ्य सेवा विभागअन्तर्गतको ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (ईडिसिडी)ले देशभर हालसम्म १० जनामा हैजा सङ्क्रमण पुष्टि भएको जनाएको छ । ललितपुरमा सात र कैलालीमा तीन जनामा हैजा पुष्टि भएको महाशाखाका निर्देशक डा यदुचन्द्र घिमिरेले जानकारी दिनुभयो ।

उहाँले हैजाबाट बच्न व्यक्तिगत सरसफाइ र सम्बन्धित निकायको व्यवस्थापकीय भूमिका महत्वपूर्ण रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "हैजाको सम्बन्ध सरसफाइबाहेक खानेपानीको आपूर्तिसँग पनि जोडिएको छ । ललितपुरमा इनारको पानीमा दिसामा देखिने जीवाणु भेटिएको हो । ढलबाट मिसिएको हुनसक्छ । शौचालयको अवस्था र फोहोरको व्यवस्थापन कस्तो छ त्यसले पनि भर पर्छ । हैजा फैलिन नदिन यी सबैमा ध्यान दिनु जरुरी छ ।"

हैजा 'भिब्रियो कोलेरी' प्रजातिको जीवाणुबाट मानिसमा लाग्ने अति सङ्क्रामक झाडापखालासम्बन्धी रोग हो । शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका सङ्क्रामक रोग विशेषज्ञ डा शेरबहादुर पुनले भन्नुभयो, "हैजाका जीवाणु सङ्क्रमित खाना वा पानीको सेवनका कारण लाग्ने गर्दछ । सरसफाइ तथा स्वच्छ खानेपानीको कमीले यो रोग फैलिने सम्भावना रहन्छ ।"

हैजा सङ्क्रमण भएको एक दिनभन्दा कम समयदेखि पाँच दिनसम्म लक्षणहरु देखा पर्छन् । हैजा सङ्क्रमण भयो र उपचार पाएन भने केही घण्टामै सङ्क्रमितको मृत्यु पनि हुनसक्ने विज्ञ बताउँछन् । डा पुनका अनुसार यसका मुख्य लक्षणमा पातलो तथा चौलानी पानी जस्तो दिसा, वाकवाकी र बान्ता हुने, कडा जलवियोजन हुने हुन्छ । कडा लक्षण देखिएमा आँखा गाडिने, मुख जिब्रो र घाँटी सुक्खा हुनु, तिर्खा लाग्नु, छाला सुक्खा हुनु, रक्तचाप कम हुन, पिसाब पहेँलो हुनु र पिसाबको मात्रा कम हुने हुन्छ । डा पुनले मुख्यतः तीन वटा कुरामा ध्यान दिन सके हैजालाई नियन्त्रणमा राख्न सकिने बताउनुहुन्छ । पहिलो सुरक्षित पानी, व्यक्तिगत सरसफाइ र अर्को अनुगमन । उहाँले सबैभन्दा महत्वपूर्ण पाटो सफा र स्वच्छ पानी सेवन गर्नुपर्ने बताउनुहुन्छ । "हैजा दुषित पानीबाट एकदमै सहज र सरल तरिकाले फैलिने गर्दछ । धाराको पानी मान्छेले उमालेर वा फिल्टर गरेर खान्छन् तर जारको पानी धेरैले त्यसो गर्दैनन्", उहाँले भन्नुभयो, "किनेको पानी पिउनयोग्य नै छ भनेर सिधै खाइन्छ । विद्यालयदेखि लिएर कार्यालयदेखि लिएर सार्वजनिक स्थलमा जारको पानी राख्ने चलन छ । कतिपय व्यवसायीहरुले प्रशोधित नै नगरेका पानी बजारमा पठाउँदा रहेछन् । जसले गर्दा हैजाको संक्रमण फैलिन्छ ।"

उहाँले व्यक्तिगत सरसफाइ व्यवहारमा लागू भएको नदेखिएको बताउनुहुन्छ । "शौचालयको व्यवस्थापन राम्रो हुनुपर्छ । शौचालयको व्यवस्थापन कमजोर हुँदा हैजालगायत पानीजन्य रोगहरु फैलिन सक्छ । दिसामा रहेका जीवाणुहरु कुनै कारणले गर्दा बगेर फेरि हाम्रो खानेपानीमा आइपुग्छ । शौचालयको प्रयोग गरेपछि साबुन पानीले मिचिमिचि हात धुन जरुरी छ", उहाँले भन्नुभयो ।

डा पुन कतिपय व्यापारीले प्रशोधन नै नगरी पानी बजारमा ल्याइदिँदा खेरी मानिसहरु बिरामी हुने भएकाले सम्बन्धित निकायले नियमित अनुगमनलाई प्राथमिकतामा राख्नुपर्ने धारणा राख्नुहुन्छ । उहाँ भन्नुहुन्छ, "अनुगमन कडाइका साथ गर्ने हो धेरै हदसम्म नियन्त्रणमा आउँछ । किनभने विकसित देशमा पानीजन्य रोगहरु अत्यधिक कम छ ।"

हैजालगायत पानीजन्य रोगबाट बच्न उमालेको वा क्लोरिन झोल हालेर शुद्धीकरण गरिएको पानी पिउने, खानेकुरालाई राम्ररी पकाएर खाने, खाना बनाउनु अघि र खाना खानु वा खुवाउनु अघि, दिसापिसाब गरेपछि वा बालबालिकाको दिसा धोएपछि, फोहोर चलाएपछि, घर वा कार्यालय छिर्नु अघि, बाहिर सामान छोएपछि साबुन पानीले कम्तीमा २० सेकेन्डसम्म मिचिमिचि हात धुनुपर्ने विज्ञहरुको सुझाव छ । रासस

# खतिवडाको पार्थिव शरीरमा पार्टीको झण्डा ओढाएर श्रद्धाञ्जली

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले अनेरास्ववियुका पूर्वनेता प्रिजा खतिवडाको पार्थिव शरीरमा पार्टीको झण्डा ओढाएर श्रद्धाञ्जली अर्पण गर्नुभएको छ ।

खतिवडाको पार्थिव शरीर अन्त्येष्टिका क्रममा शनिबार पशुपति आर्यघाटमा पुगेर उहाँले श्रद्धाञ्जली व्यक्त गर्नुभएको हो । गत बुधबार भएको सौर्य एयरलाइन्सको विमान दुर्घटनामा उहाँका श्रीमान् मनुराज शर्मा र चार वर्षीय छोरा अधिराज शर्मासहित खतिवडाको निधन भएको थियो । उक्त दुर्घटनामा १८ जनाले ज्यान गुमाएका थिए ।

परिवारले शिक्षण अस्पतालबाट शनिबार शव बुझेपछि तीनै जनाको आज पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको हो । त्यस्तै पार्टीका सम्मानित नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ खनाल, महासचिव घनश्याम भुसाललगायत पार्टीका नेता कार्यकर्ता पशुपति पुगेर मृतकप्रति श्रद्धाञ्जली दिनुका साथै परिवारलाई सान्त्वना दिनुभएको थियो ।रासस

# 'सुलभ, गुणस्तरीय र मर्यादित सेवा : नेपालको रक्तसञ्चार सेवा'




काठमाण्डु । नेपालमा रक्तसञ्चार सेवा प्रारम्भ भएको ५८ वर्ष पूरा भएको छ । नेपाल रेडक्रस सोसाइटी (नेरेसो) स्थापना भएको तीन वर्षपछि अर्थात् २०२३ साउन १२ गते नेपाल रेडक्रस रक्तसञ्चार सेवा केन्द्रको सञ्चालन प्रारम्भ भएको हो ।

प्रारम्भमा वीर अस्पतालको हातामा लक्ष्मी ब्लड बैंकको रूपमा पहिलो रगत बैंक सञ्चालनमा ल्याइएको थियो । नेपालमै पहिलो रगत बैंकको रुपमा स्थापित यस केन्द्रले एक वर्षको अवधिमा जम्मा १५७ युनिट मात्र रगत सङ्कलन गरेको थियो । आर्थिक वर्ष २०८०/८१ मा रेडक्रसले दुई लाख ९४ हजार चार सय ७७ युनिट रगत सङ्कलन र चार लाख छ हजार दुई सय ७१ युनिट रगत तथा रक्ततत्व बिरामीलाई उपलब्ध गराएको थियो ।

सुरुआती दिनमा रगतको किनबेच गर्ने पेसेवर व्यक्तिबाट समेत रगत सङ्कलन गर्ने गरिएकामा २०३९/४० देखि त्यस्ता व्यक्तिबाट रगत नलिई स्वयंसेवी रगतदाताको सङ्ख्यामा वृद्धि गरी रगत सङ्कलन गर्न थालिएको थियो । विसं २०४८ चैत २४ मा तत्कालीन सरकारले रेडक्रसलाई नै नेपालभर रक्तसञ्चार सेवा सञ्चालनको एकल अधिकार दिएको थियो । २०५० सालमा सरकारबाट रक्तसञ्चार सेवाको राष्ट्रिय नीति स्वीकृत भई लागू भएको थियो ।

नेपाल रेडक्रसले काठमाडौँमा केन्द्रीय रक्तसञ्चार सेवाका साथै विराटनगर, भरतपुर, पोखरा, नेपालगञ्ज र धनगढी गरी पाँच स्थानमा प्रदेशस्तरीय रक्त सञ्चार सेवा सञ्चालनमा ल्याएको छ । २४ जिल्लामा जिल्लास्तरीय र विभिन्न जिल्लाका ४१ स्थानबाट आकस्मिक रक्तसञ्चार सेवा प्रदान हुँदै आएको छ ।

रक्तसञ्चार सेवाको ५९औँ स्थापना दिवसका अवसरमा आज यहाँ आयोजित कार्यक्रममा बागमती प्रदेशका स्वास्थ्य मन्त्री किरण थापा मगरले नेपाल रेडक्रसले मानवीय सेवामा पुऱ्याएको सहयोग महत्वपूर्ण रहेको बताउनुभयो ।

कार्यक्रममा नेपाल रेक्रस सोसाइटीका कार्यकारी निर्देशक उमेश ढकालले आर्थिक वर्ष २०८०/ ८१ मा रेडक्रसले दुई लाख ९४ हजार चार सय ७७ युनिट रगत सङ्कलन र चार लाख छ हजार दुई सय ७१ युनिट रगत तथा रक्ततत्व बिरामीलाई उपलब्ध गराएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, " नेपाल रेडक्रस सोसाइटीद्वारा सञ्चालित रक्तसञ्चार सेवा केन्द्रले विसं २०७२ वैशाख १२ को विनाशकारी भूकम्प पश्चात् पनि रक्तदानको कार्यक्रम निरन्तर जारी राखेको र कोभिड महामारीका समयमा पनि केन्द्रले आफ्नो सेवा जारी राख्न सफल भएको थियो। " कार्यकारी निर्देशक ढकालले अगामी दिनमा रक्त सेवालाई थप चुस्त बनाइने जानकारी दिनुभयो ।

नेपाल रेडक्रसका अध्यक्ष प्राडा सुदर्शनप्रसाद नेपालले 'सुलभ, गुणस्तरीय र मर्यादित सेवा : नेपालको रक्तसञ्चार सेवा'को मूल भावनालाई कार्यान्वयनमा लैजान र नेपाल सरकारले संस्थालाई दिएको जिम्मेवारी पूरा गर्न नेपाल रेडक्रस प्रतिबद्ध रहेको बताउनुभयो ।रासस

# विपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा फिजियोथेरापी सेवा विस्तार



चितवन । विपी कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुरमा अत्याधुनिक फिजियोथेरापी सहितको परम्परागत चिनियाँ उपचार पद्धतिको स्तरबृद्धि गरिएको छ । अस्पतालमा अत्याधुनिक उपकरण थप गरी सेवा विस्तार गरिएको हो ।

परम्परागत चिनियाँ उपचार विशेषज्ञ चिकित्सक च्या सोङ्ग थाओका अनुसार रु ७० लाखभन्दा बढीका उपकरण थप गरी सेवा विस्तार गरिएको छ । यसैगरी रु २५ लाख बराबर खर्च गरेर उपचार कक्ष स्तरोन्नति गरिएको छ । फिजियो थेरापी सहित एक्युपञ्चर, कपिङ्ग, स्क्रब मसाज थेरापी, बोन सेटिङ्ग, फ्यूमेजिकेशन लगायतका परम्परागत चिनियाँ उपचार हुने उहाँले बताउनुभयो ।

चिकित्सक थाओले भन्नुभयो "विगतमा थोरै उपकरणले सेवा दिँदै आएका थियौं, अहिले अत्याधुनिक नयाँ उपकरण थप गरेर सेवा विस्तार गरेका छौं ।" चीन सरकारको आर्थिक सहयोगमा नै यी उपकरण र स्तरबृद्धिको काम गरिएको उहाँले जानकारी दिनुभयो ।अर्का परम्परागत चिनिया उपचार विशेषज्ञ चिकित्सक लिउ च्यान चिर्रले मिडियम फ्रिक्वान्सी थेरापी डिभाईस, लो फ्रिक्वान्सी थेरापी डिभाइस, लिम्ब लिङ्केज मेडिकल डिभाईस, ट्रेड मिल, मोटराइज मुभमेन्ट थेरापी डिभाईस, स्टेण्डिङ्ग फ्रेम, ब्यालेन्सिङ बार लगायतका ३० भन्दा बढी आधुनिक उपकरण ल्याइएको जानकारी दिनुभयो ।

नसा, दीर्घकालिन दुखाइ व्यवस्थापन , हड्डीको समस्याको उपचार परम्परागत चिनिया पद्धति र आधुनिक उपकरणको समिश्रणबाट गरिने उहाँले बताउनुहुन्छ । उहाँले भन्नुभयो "क्रोनिक पेन, न्यूरोलोजिकल डिस अर्डर र ट्रमा इन्जुरीको चिनिया परम्परागत पद्धति सहित आधुनिक उपकरणको प्रयोग गेरर हामीले उपचार गर्दछौं ।"हाल दस प्रतिशत हाराहारी क्यान्सरका र ९० प्रतिशत हाराहारी क्यान्सर बाहेकका बिरामी उपचारका लागि आउने गरेका छन् । यहाँ मासिक छ सय हाराहारी बिरामीलाई सेवा दिँदै आएकोमा अब यो संख्या बढ्ने अपेक्षा उहाँको छ ।

अस्पतालका कार्यकारी निर्देशक डा.शिवजी पौडेलले फिजियोथेरापी सेवा क्यान्सरका बिरामीका लागि मात्रै नभएर सबैले लिन सक्ने बताउनुभयो । यस्तो सुविधा अन्यत्र नेपालमा नभएको जनाउँदै उहाँले न्यून शुल्कमा सेवा लिन सकिने बताउनुभयो । रासस


## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : सुख समृद्धि हुने । |
| बृष | : भ्रमण अवसर हुने । |
| मिथून | : अवसर प्राप्त । |
| कर्कट | : वाद विवादबाट बच्नु । |
| सिंह | : पुरस्कार प्राप्त लाभ । |
| कन्या | : नयाँ कार्य हुने । |
| तुला | : बौद्धिक क्षमता । |
| बृश्चिक | : प्रतिभा सम्पन्नता । |
| धनु | : शिक्षामा उन्नति । |
| मकर | : पारिवाहिक सुख । |
| कुम्भ | : धन वृद्धि सञ्चय । |
| मीन | : प्रेम प्रसंग, मित्र सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



बालिबवाह न्यूनीकरणसम्बन्धी हरिपुर नगरपालिका-२ स्थित, ग्रामिण नारी उत्थान सङ्घको सभाहलमा शनिबार सर्लाहीका सञ्चारर्मीलाई तालिम दिनुहुँदै राष्ट्रिय समाचार समिति (रासस)का कार्यकारी अध्यक्ष धर्मेन्द्र झा। *तस्बिरः रासस*

# जनसंख्याका आधारमा संसद्मा प्रतिनिधित्व हुनुपर्छ : अध्यक्ष यादव

काठमाण्डु । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले मधेश आन्दोलनले मुलुकलाई गणतन्त्रमा प्रवेश गराउन, समावेशिता लागू गर्न र सङ्घीयतामा रुपान्तरण गर्न महत्त्वपूर्ण योगदान गरेको बताउनुभएको छ।

उहाँले जनसंख्याका आधारमा निर्वाचन क्षेत्रको संख्या काम गर्नुपर्नेमा ५३ प्रतिशत जनसंख्या रहेको तराई मधेसमा त्यसका आधारमा सङ्घीय संसद्मा प्रतिनिधित्वको व्यवस्था सुनिश्चित गरिनुपर्ने माग गर्नुभयो ।देशमा रहेका मिथिला, किरात, खस र काठमाडौँका रहेको नेवार सम्भयता मिलेर बनेकाले ती सबै सभ्यतालाई बराबरीका दृष्टिकोणबाट



हेरिनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले संविधान संशोधनमार्फत तराई मधेसका जनताले उठाउँदै आएको विषयवस्तु सम्बोधन गरिनुपर्छ भन्नुभयो।

जसपाद्धारा शनिबार आयोजित 'संविधान संशोधनको सवल' विषयक अन्तर्क्रियामा अध्यक्ष यादवले सङ्घीयता र सङ्घीय शासन प्रणालीलाई सफलता बनाउन संवैधानिक सर्वोच्चता, मूलभूत विषयमा कठोर भएको लिखित संविधान र स्वतन्त्र न्यायालयको आवश्यकतापर्ने बताउनुभयो।रासस

# वीरगञ्ज भन्सारको कारोबार घट्यो

वीरगञ्ज। प्रमुख भन्सार नाका वीरगञ्ज भन्सार कार्यालय मार्फत् हुने आयात र निर्यात दुवैमा गिरावट आएको छ। गत आर्थिक वर्षमा विदेशीमुलुकबाट कम मात्रामा सामान नेपाल भित्रिदा तथा नेपालबाट विदेशी मुलुकमा हुने निर्यातमा पनि कमी आउँदा समग्र यो नाका हुँदै हुने वैदेशिक व्यापार नै खुम्चिन पुगेको हो ।

आव २०८०/८१ मा यो नाका हुँदै रु ६ खर्ब ९ अर्ब २८ करोड ११ लाख १४ हजार बराबरको वस्तु तथा सामान आयात भएको छ। जबकी आव २०७९/८० को तुलनामा गत आवमा मात्रै आयात १२.८५ प्रतिशतले घटेको छ। आव २०७९/८० मा ६ खर्ब ९९ अर्ब १२ करोड ६ लाख ६९ हजार बराबरको वस्तु तथा सामान नेपाल आयात भएको थियो। विश्वका एक सय १२ मुलुकबाट नेपालमा विभिन्न खालका वस्तु तथा सामान आयात हुने गर्छ। वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक डिलाराम पन्थीले गत आवमा समग्र मुलुकभरि आर्थिक शिथिलताको कारणले वैदेशिक व्यापार खुम्चिएको बताउनुभयो। "

गत आवमा समग्र मुलुकभरिको अर्थतन्त्र सुस्ताएको कारणले आयात र निर्यात दुवै खुम्चिएको छ," उहाँले भन्नुभयो,"अघिल्लो आवको तुलनामा गत आवमा आयात घटेपनि भन्सारका अन्य सूचक पनि राम्रो भएकाले केही मात्रामा राजस्व सङ्कलनमा




वृद्धि भएको छ।"

कार्यालयका अनुसार गत आवमा आयात मात्रै होइन, वीरगञ्ज भन्सार कार्यालय हुदैँ विदेशी मुलुकमा हुने निर्यातमा पनि गिरावट देखिएको छ । गत आवमा ३१ अर्ब ८५ करोड ७१ लाख २७ हजार मूल्य बराबरका नेपाली सामान विदेशी मुलुकमा निर्यात भएको छ। जबकी अघिल्लो आव २०७९/८० मा यो नाकाहुँदै ३७ अर्ब २३ करोड १८ लाख ७४ हजार मूल्य बराबरको वस्तु तथा सामान निर्यात भएको थियो । आघिल्लो आवको तुलनामा गत आवमा मात्रै १४ दशमलव ४४ प्रतिशतले निर्यातमा कमी आएको छ। यो नाका हुदैँ करिव ६० मुलुकमा विभिन्न नेपाली उत्पादन निर्यात हुने गर्छ।

आव २०७९/८० को तुलनामा यो नाका हुँदै हुने वैदेशिक व्यापारमा १२ दशमलव ९३ प्रतिशत गिरावट आएको छ। आव २०८०/८१ म यो नाका हुँदै छ खर्ब ४१ अर्ब १३ करोड ८२ लाख ४१ हजारको वैदेशिक व्यापार भएको थियो । जबकी अघिल्लो आव २०७९/८० मा भने यो नाका हुँदै कुल वैदेशिक व्यापार सात खर्ब ३६ अर्ब ३५ करोड २५ लाख ४३ हजार रहेको छ । यो नाकाबाट हुने वैदेशिक व्यापारमध्ये आयातको हिस्सा ९५प्रतिशत र निर्यातको हिस्सा पाँच प्रतिशत रहेको छ।रासस

## काठमाडौँ-तराई/मधेस द्रूतमार्ग :
# जग्गा अधिग्रहणको प्रतीक्षामा नेपाली सेना


काठमाण्डु । राष्ट्रिय गौरव एवं रणनीतिक महत्वको काठमाडौँ-तराई/मधेस द्रूतमार्ग (फास्ट ट्र्याक) सडक आयोजना निर्धारित समयमै सम्पन्न गर्नेगरी निर्माणलाई तीव्र गतिमा गतिमा अघि बढाइएको छ । नेपाली सेनाको व्यवस्थापनमा निर्माणाधीन सो आयोजनाको हालसम्म ३५ दशमलव ३८ प्रतिशत भौतिक र ३६ दशमलव ६६ प्रतिशत वित्तीय प्रगति भएको छ।

निर्धारित समयमै निर्माण सम्पन्न गर्नेगरी काम भइरहेको सेनाले जनाएको छ। द्रूतमार्ग २०८३ चैत मसान्तसम्ममा सम्पन्न गर्ने लक्ष्य छ। आयोजनालाई १३ वटा प्योकजमा छुट्याएर निर्माण थालिएको थियो। ती प्याकेजमध्ये द्रूतमार्गको छ दशमलव पाँच किलोमिटरदेखि ७० दशमलव ९७ किलोमिटरसम्मका विभिन्न १० वटा प्याजेकमा धमाधम काम भइरहेको आयोजनाका प्रमुख सहायक रथी विकास पोखरेलले जानकारी दिनुभयो।

प्याकेज नं ११ अन्तर्गत खोकना इलाकाको ० किमीदेखि छ दशमलव पाँच किमीमा द्रूतमार्गको सुरु बिन्दु निर्धारण, सवारी आवागमन व्यवस्थापनसम्बन्धी निर्णय र जग्गा अधिग्रहणसम्बन्धी समस्या समाधान पश्चात खरिद प्रक्रिया सुरु गर्ने गरी तयारी अवस्थामा रहेको नेपाली सेनाले जनाएको छ। आयोजनाको ९५ प्रतिशत प्याकेज कार्यान्वयनको चरणमा प्रवेश गरिसकेका छन्।

**तीन सुरुङ निर्माणाधीन**

परिमार्जित विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) अनुसार छ मध्ये तीन वटा सुरुङ निर्माण भइरहेका छन् भने अन्य तीन सुरुङको डिजाइन तथा पूर्वतयारीका कार्य जारी छ । निर्माणाधीन तीन वटा सुरुङमार्गको लम्बाइ छ दशमलव ६६९ किमीमध्ये पाँच दशमलव पाँच सय २८ किलोमिटर सुरुङ खन्ने कार्य सम्पन्न भएका छन् ।तीन दशमलव ३२२ किमीको निजगढ-काठमाडौँतर्फको महादेवटार सुरुङ्ग हालसम्म दुई दशमलव ०२९ किमी तथा तीन दशमलव ३८६ किमीको काठमाडौँ-निजगढतर्फ दुई दशमलव २८८ किमी सुरुङ खनिसकिएको छ। सो सुरुङ यसैवर्ष सम्पन्न गर्नेगरी राति पनि काम भइरहेको सेनाले जनाएको छ।



निजगढ-कामाठाडौँतर्फको एक दशमलव ६५३ किमी धेद्रे सुरुङ गत जेठ ११ गते 'ब्रेकथ्रु' भइसकेको छ भने एक दशमलव ७२८ किमीको काठमाडौँ-निजगढ सुरुङ यही महिनामा 'ब्रेकथ्रु' गर्ने तयारी छ । लेनडाँडामा रहेको निजगढ-काठमाडौँतर्फको एक दशमलव ६१२ किमी र काठमाडौँ-निजगढतर्फको एक दशमलव ६३३ किमी सुरुङ यसअघि नै खनिसकिएको छ।

आयोजनाअन्तर्गत विभिन्न स्थानमा निर्माण हुने ८९ मध्ये ८५ वटा पुल ठेक्का व्यवस्थापन भई कार्यान्वयनको चरणमा रहेका छन्। बाँकी चार वटा पुल खोकना क्षेत्रमा रहेका छन्। सो क्षेत्रमा जग्गा अधिग्रहणसम्बन्धी समस्याका कारण निर्माणमा जान नसकेको सेनाको भनाइ छ ।निर्माणाधीन अधिकांश पुलको जमिनमुनी (फाउण्डेसन) को काम सम्पन्न भई जमिनमाथिका काम भइरहेको छ। द्रूतमार्गमा ८१ मिटर अग्ला पुल निर्माण हुनेछन्। हालसम्म पाँच स्थानका पुल निर्माण भइसकेका छन्।

**जग्गा अधिग्रहणमा ढिलाइ**

आयोजनाका लागि आवश्यक जग्गा अधिग्रहणको काममा ढिलाइ हुँदा निर्माण प्रभावित भएको छ । आयोजनाका लागि करिब १७ हजार छ सय ५१ रोपनी जग्गा आवश्यक पर्नेछ । त्यसमध्ये पाँच हजार चार सय ८७ रोपनी व्यक्तिको जग्गा हो।

हालसम्म चार हजार आठ सय ११ रोपनी जग्गा अधिग्रहण भइसकेको छ भने तीन सय ९४ रोपनी जग्गा अधिग्रहण हुन बाँकी छ। खोकना-बुङ्मती खण्डमा दुई सय छ रोपनी जग्गाको मुआब्जा वितरण भएको छैन । आयोजना निर्माणबाट वातावरणीय क्षति हुन नदिन पर्याप्त सजगता अपनाइएको सेनाले जनाएको छ । आयोजना क्षेत्रमा हालसम्म ३१ हजार सात सय ४३ रुख काटिएका छन्। ती रुखको सट्टामा सात लाख पाँच हजार पाँच सय ५२ बिरुवा रोपिएका छन्।

**सुरुङ र पुल मात्र २३ किलोमिटर**

प्रस्थान बिन्दु ललितपुरको खोकना र अन्तिम बिन्दु बाराको निजगढ रहेको सो सडकको लम्बाइ ७० दशमवल ९७७ किलोमिटर छ। द्रूत मार्ग पहाडी भूभागमा २५ मिटर र तराई भूभागमा २७ मिटर फराकिलो हुनेछ। द्रूतमार्गमा १० दशमवल ३० ९ किमी लम्बाइको छ वटा सुरुङ बन्ने छन् । आयोजनाअन्तर्गत देवीचौरमा एक किमी, सिसौटारमा शून्य दशमलव ३९ किमी, चन्द्राम भीरमा दुई दशमलव २५ किमी, महादेवडाँडामा तीन दशमलव ३५५ किमी, धेद्रेमा एक दशमलव ६९१ र लेनडाँडामा एक दशमलव ६२३ किमी लामो सुरुङ निर्माण हुनेछ।

सो सडकमा विभिन्न स्थानमा १२ दशमलव ८८५ किमी लम्बाइको ८९ वटा पुल निर्माण हुनेछ। बुदुनेमा दुई वटा विश्रामस्थल तथा खोकना, बुदुने र निजगढमा एक/एक वटा इन्टरचेन्ज र टोल प्लाजा निर्माण गरिनेछ ।मन्त्रिपरिषद्को २०७४ वैशाख २१ गतेको निर्णयानुसार सो आयोजना निर्माण व्यवस्थापनको जिम्मेवारी नेपाली सेनालाई दिइएको हो। सो आयोजनाको २०७४ जेठ १४ गते तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले बाराको निजगढमा शिलान्यास गर्नुभएको थियो।

सरकारले २०७४ साउन २७ गते सडक विभागबाट सेनालाई आयोजना हस्तान्तरण गरेको थियो । सोही वर्षको मङ्सिरदेखि सेनाको जनशक्ति तथा राष्ट्रियस्तरका निर्माण व्यवसायीमार्फत द्रूतमार्गको 'ट्र्याक' निर्माण प्रारम्भ भएको थियो । विसं २०७५ चैतमा अन्तर्राष्ट्रिय परामर्शदाता सोसुङ इञ्जिनियरिङ एण्ड कन्सल्टिङले तयार गरेको आयोजनाको विस्तृत परियोजना प्रतिवेदन(डिपिआर ) २०७६ मा स्वीकृत भएको थियो। विसं २०८० साउन ३० गते आयोजनाको परिमार्जित डिपिआर स्वीकृत भएको थियो। रासस

# अनियमितताका 'फाइल' अनुसन्धान हुनुपर्ने

काठमाण्डु । नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले भुटानी शरणार्थी र गिरीबन्धु टि स्टेटका फाइल कानुनअनुसार अनुसन्धान हुनुपर्ने बताउनुभएको छ।

मानवअधिकार तथा शान्ति समाज जिल्ला शाखा काठमाडौँले शनिबार जोरपाटीमा आयोजना गरेको २७ औं साधारणसभामा उहाँले नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) बीच भएको सातबुँदे समझदारी अनियमिताको अन्त्यका निम्ति भएको बताउनुभयो।

उहाँले इमान्दारीपूर्वक उक्त सम्झौता कार्यान्वयन गरेर जनतामा सुशासनको अनुभूति गराउनुपर्छ भन्नुभयो । उहाँले अनियमितामा संलग्न जो सुकैलाई कानुनी दायरामा ल्याउनुपर्नेमा जोड दिनुभयो।

"जनतामा आशा जगाउन आर्थिक अनियमितताका विषयमा कानुनअनुसार काम गर्न सम्बन्धित निकायलाई स्वतन्त्र छोडिदिनुपर्छ, सुशासन सबैको चासोको विषय भएकाले सबै फाइल विधिपूर्वक खुल्नुपर्छ, यसले कोही व्यक्तिलाई गाह्रो पर्ला, कुनै पनि पार्टीलाई गाह्रो पर्दैन, कुनै पनि दलले भ्रष्टाचारका घटनामा संलग्नलाई बचाउन लाग्नुहुँदैन"-महामन्त्री शर्माले भन्नुभयो।




संविधानमा नागरिकको ३१ वटा मौलिक हक उल्लेख गरेपनि व्यववहारमा कार्यान्वयन हुन नसकेको बताउनुहुँदै उहाँले त्यसको कार्यान्वयनका लागि काम गर्न सबैको साथ र सहयोगको आवश्यकता रहेको बताउनुभयो।

सांसदहरू सन्तोष चालिसे, विष्णुदेवी पुडासैनी, संविधानसभा सदस्य रामेश्वर फुयाँल, कागेश्वरी मनोहरा नगरपालिकाका प्रमुख उपेन्द्र कार्की, गोकर्णेश्वर नगरपालिकाका प्रमुख दीपककुमार रिसाल, शान्ति समाजका संस्थापक सभापति कृष्ण पहाडी, वर्तमान सभापति रामकृष्ण बराल, महासचिव रेणुका पौडेल, काठमाडौँका सभापति भगवान् पुडासैनी, कवि अर्जुन पराजुलीले सुशासनका खतिर सबै लाग्नुपर्नेमा जोड दिनुभएको थियो।रासस

## चीनले नेपाललगायत विकासोन्मुख राष्ट्लाई थप लाभ बाँड्ने छः राजदूत सोङ

काठमाण्डु । नेपालका लागि चिनियाँ राजदूत छेन सोङले चीनले अल्पविकसित देशहरूमा एकतर्फी खुलापन विस्तार गर्ने र बाँकी विश्वका लागि आफ्नो वस्तु, सेवा, पूँजी र श्रम बजारलाई व्यवस्थित रूपमा खोल्ने बताउनुभएको छ। चीनको कम्युनिस्ट पार्टी केन्द्रीय समितिको २० औँ बैठकको हालैको तेस्रो पूर्णसत्रका निर्णयहरू चीन र विश्वलाई नै महत्त्वको भएको जनाउँदै उहाँले उच्चस्तरको खुलापनले विकासका अवसर थपिने र नेपाल जस्ता विकासोन्मुख राष्ट्रलाई थप लाभ बाँड्ने विश्वास दिलाउनुभयो।

उहाँले शनिबार दिनुभएको वक्तव्यमा राजधानी बेजिङमा गत असार ३१ -साउन ३ गतेसम्म आयोजित प्लेनरी सेसनले चीनको आर्थिक एवं सामाजिक विकासको नयाँ खाका कोरेको बताउँदै यो चीन र विश्वलाई नै ठुलो महत्त्वको भएको तथा आधुनिकतामा नै भरोसा राख्ने र सुधारलाई बढाउने चीनको प्रतिबद्धता रहेको स्पष्ट गर्नुभयो।

चीनमा सुधार र खुलापन सुरु भएदेखि नै पार्टी केन्द्रीय समितिको प्रत्येक तेस्रो पूर्ण बैठकले सुधारका विषयमा जोड दिने गर्छ र आगामी पाँचदेखि १० वर्षसम्मका लागि चीनको विकासका लागि योजना र प्रबन्ध निर्माण गर्छ । चिनियाँ राजदूतले भन्नुभएको छ, "स्वदेशी तथा विदेशी उद्यमी तथा पर्यवेक्षकहरूले पनि सो तेस्रो पूर्णबैठकले चीनलाई मात्र नभई सम्पूर्ण विश्वलाई सकारात्मक र न्यानो सङ्केत दिएको बताउनाका साथै बढ्दो भूराजनीतिक तनाव र संरक्षणवादका बीच चीनमा थप लगानी र विकास एवं विश्वमा नै स्थायित्व दिने विश्वास व्यक्त गरेका छन्।"रासस

# सञ्चारमन्त्री गुरुङद्वारा बगुम पहिरोको निरीक्षण

लमजुङ । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले बगुम पहिरोको निरीक्षण गर्नुभएको छ । गत असार ११ गते गएको क्व्होलासोथर गाउँपालिका-३ बगुम पहिरोको आज साँझ मन्त्री गुरुङलगायतको टोलीले निरीक्षण गरेको हो।

पहिरोको निरीक्षणपछि सञ्चारमन्त्री गुरुङले पहिरोले पूर्ण क्षति तथा विस्तापित भएका परिवारका घर सरकारले निर्माण गरिदिने प्रतिबद्धता व्यक्त गर्नुभयो। सरकार बाढीपहिरोलगायत प्राकृतिक विपद्मा परेका नागरिकको रक्षाका लागि सधैँ तयार रहेको उहाँको भनाइ छ। सञ्चारमन्त्री गुरुङको गृहपालिका रहेको उक्त स्थानमा गत असार ११ गते राति आएको पहिरोले तीन घर पुरिँदा चारजनाको मृत्यु भएको थियो भने एकजना घाइते भएका थिए।

सञ्चारमन्त्री गुरुङले आफूलाई लमजुङे जनताले जिताएर मन्त्री बनाएकाले यहाँका जनताको शिर उच्च बनाउने गरी आफूले काम गर्नेसमेत बताउनुभयो। "यहाँहरूले जिताएकाले म मन्त्री भएको छु, यसर्थ लमजुङको विकास तथा सुखदुःखमा सधैँ साथमा रहँदै विकासका काम गर्नु मेरो दायित्व हो । त्यसका लागि म सधैँ लागिरहने छु", उहाँले भन्नुभयो। रासस


श्री राम जानकी सुंडी कुट्टी, जनकपुरधाम ७, धनुषाको
**निर्वाचन सम्वन्धी सूचना**

(सुंडी समाजद्वारा संचालित) श्री रामजानकी सुंडी कुट्टी जनकपुरधाम ७ को १५ पन्द्रऔं साधारण सभाको बन्द सत्र मिति २०८१।३।८ को निर्णय अनुसार नया संचालक समितिको निर्वाचन मिति २०८१।०४।२६ गते शनिवारको दिन लतराहा कुट्टी परिसरमा हुने भएकोले सम्पूर्ण संरक्षक सदस्य, आजिवन सदस्य, साधारण सदस्यज्यूहरुलाई यसै सूचनालाई निमन्त्रणा मानि निर्वाचनमा सहभागी हुनको लागि विन्रम अनुरोधका साथ आमन्त्रण गर्दछु।


निर्वाचन सम्वन्धी कार्यक्रमहरु निर्वाचन समितिको सुचना अनुसार हुने व्यहोरा समेत जानकारीको लागि अनुरोध गर्दछु।


अध्यक्ष
रत्न कूमार पुर्वे
श्री राम जानकी सुंडी कुट्टी
जनकपुर ७

आयो करे यात्रा मंगलमय चारो धाम की
यहि मिति २०८१/४/१६ गते बुधवार ३१ तारिखका दिन
२×२ लक्जरी भिडियो कोच बस खुल्ने जा रहि हैं।
विशेष यात्रा सेवा। शुल्तानगंज बाबाधाम बासुकिनाथबनारस, काशिविश्वनाथ, ज्योति लिङ्ग, प्रयागराज, संगम, चित्रकोट चारधाम बाबा बागेश्वरधाम, वृन्दावन, मथुरा, गोकुल, कुरुक्षेत्र, अर्मितशर स्वर्ण मन्दिर, जय माँ बैष्णो देवी, अमरनाथ, श्रीनगर, काशमिर ज्वलामुखि, नैना देवी, चिन्ता पुरनी काङ्गरा देवी, हरिद्वार, रिषीकेश, नैमीशारण, अयोध्या, गोरखपुर, गोरखनाथ दर्शन कराते हुऐ जनकपुरधाम वापस। बद्रीनाथ र केदारनाथ समेत।




टिकट दर १८,००० भारु दो सामका भोजन समेत लिखेगए सारे तिर्थ ग्यारेन्टीके साथ घुमाया जाएगा हर यात्री अपना नागरिकता अवस्य रखे।



प्रो. पोषण प्रसाद साह
जानकी चौक, जनकपुरधाम-१०
पल्टी माई मन्दिर सब्जी बजार
मो. ९८४४७३३१९५ (नेपाल)
मो. ९८४४०७३६०० (नेपाल)
मो. 8271086993 (भारत)



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# अस्पतालका विवादका छालहरु

जानकी आँखा अस्पताल विवादको भुँमरीमा परेको छ । अस्पतालका सञ्चालक समितिका पदाधिकारी , चिकित्सक , औषधि खरिद, शल्यक्रिया , चश्मा दाखिला , चिकित्सकको सेवा , सुविधा , नियुक्ति , समितिका पदेन सदस्य चयन , कोषाध्यक्षको अधिकार कटौती , अस्पतालको आर्थिक कारोबार , कर्मचारी नियुक्तिमा विधि , प्रक्रियाभन्दा पनि व्यक्तिप्रधान प्रवृत्ति विवादका छालहरु हुन । यी छालहरुले अस्पतालको सेवा प्रभावितदेखि बिरामीको विच्चलीका दारुण्य अध्याय थपिदै छ । नेपाल रेडक्रस सोसाइटी अन्तर्गत सञ्चालनमा रहेको सो अस्पतालको सेवा विगतमा अब्बल भएकलो नेपाल र भारतका आँखाका बिरामीका लागि भरपर्दो अस्पतालको संज्ञा पाएको इतिहास कायम छ । तर, वेथितिको छालका परिदृश्यमा नागरिक समाजको अग्रसरता , आन्दोलन , कार्यरत चिकित्सकको सेवा एवं भविष्यसँग सञ्चालक समितिका अध्यक्ष र मेडिकल डाइरेक्टरद्वारा गरिएको खेलबाड , अस्पतालको रकमको हिनामिना , अस्पताल दर्ताप्रति उदासीन जस्ता आरोपका पक्षले अस्पतालको भविष्यमाथि पनि प्रश्नचिन्ह लागेको छ । अध्यक्षले अस्तपाल र रेडक्रसको संरचनालाई कब्जा गरेको आरोप , विवाद समाधानभन्दा पनि आरोप-प्रत्यारोपतर्फ केन्द्रित मनसायले अस्तपालका विवादका छाल पन्छाउन सकिदैन । अस्पतालमा विगतमा उच्चकोटिको उपचार सेवा भएकै कारण आँखा बिरामीमध्ये भारतीयको संख्या उल्लेख्य रहेको तथ्य छ । तर , वर्तमानमा अस्पतालमा प्रशासनदेखि उपचारसम्म भएका बेथिति र भित्रको द्वन्द्वले साख घटाएको छ । यस्तोमा नकारात्मक हस्तक्षेपभन्दा सकारात्मक हस्तक्षेपको आवश्यकता छ । बिना प्रक्रिया औषधि खरिद गरी कोषाध्यक्षसँग रकम भुक्तानीका लागि दबाब दिने , आर्थिक नियमावली विपरीतको आर्थिक कारोबारमा कोषाध्यक्षको असहमतिलाई तगारोका रुपमा लिइ कोषाध्यक्षलाई हस्ताक्षर गर्नबाट बञ्चित गरिएका विवादका छाल उत्कर्षमा छ । चिकित्सक राख्ने तर नियुक्ति पत्र , तलब , भत्ताका लागि माग गर्दा मेडिकल डाइरेक्टर र अध्यक्षले चिकित्सकको माग उनको दक्षता , अनुभव , योग्यताले पूरा गर्न नमिल्ने जवाफले पनि अनेक प्रश्नचिन्ह लागेको छ । सेवा लिने बेलामा डाइरेक्टर र अध्यक्षले यी सवालका बारेमा चिकित्सकहरुलाई किन प्रष्ट गरेनन् ? त्यस्तै उत्पन्न विवादमा नातावाद , कृपावाद र गोजीको संस्था बनाएको आरोपप्रति गम्भीर हुनुभन्दा बचाउका लागि उद्यत हुनुले पनि छाललाई पन्छाउनमा समस्या देखिएको छ । फलस्वरुप अध्यक्षको बर्खास्तदेखि छानबिनको माग शीर्ष हुँदै गएको छ । अध्यक्षले तीन करोड रकम नेपाल रेडक्रस सोसाइटीमा पठाइ केन्द्रलाई प्रभावमा पारी आफ्नो स्वेच्छाचारी गतिविधिलाई बढाएको आरोपका स्वरलाई अध्यक्ष र मेडिकल डाइरेक्टरले निराधार भन्दै आएका छन् ।जे जस्तो भए पनि अस्पतालको प्रयोजन बिरामीको उपचारतर्फ केन्द्रित हुनुपर्छ , अस्पताल सार्वजनिक सम्पति हो ,द्वन्द्वले साख ओझेलमा पर्ने सत्यलाई नकार्न सकिदैंन । सरकारदेखि सबै पक्षको पहलकदमी छाललाई पन्छाउने उपकरण हुनसक्छ , यसतर्फ कदम चाल्नु जरुरी छ ।

# भारतको डरलाग्दो अनिकाल



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

सन् १९३९देखि लगातार पाँच बर्षसम्म दोश्रो विश्वयुद्ध चल्यो । सो विश्वयुद्धमा करिव दस करोड मानिसहरुको मृत्यु भएको अनुमान गरिएको छ । दुश्मनको सेनाको प्रहारबाट नागरिकसमेत करिव ६ करोडको मृत्यु भएको थियो भने युद्धग्रस्त क्षेत्रमा अन्न नपाएर चार करोडभन्दा बढी मानिसको मृत्यु भएको इतिहासकारले दावि गर्छन् । तर, भारतमा कुनै देशको सेना पसेको थिएन् । न अनिकाल परेको थियो । तापनि, तीस लाखभन्दा बढीको मृत्यु भएको थियो ।

भारतका इतिहासकारहरुले एकसय चालीस बर्षको अवधिमा भारतमा अनेकौंपटक अनिकाल परेको उल्लेख गरेका छन् । सोमध्ये आठ दसकअघि अनौंठो किसिमको अनिकाल पऱ्यो । त्यो बेला समयमैं मनसुन आउँदा धानको राम्रो उत्पादन भएपनि खान नपाएर लाखौं मानिसहरुको मृत्यु भएको थियो । वेलायती सरकारद्वारा सुनियोजित अनिकाल रचना गर्दा सो विकराल अवस्था निम्तिएको थियो । बङ्गालका किसानहरुको घर अन्नपातले भरिएको थियो । व्यापारीले ठूलो परिमाणमा धान खरिद गरी गोदाममा थन्काएका थिए । चामल उद्योगहरुमा धमाधम चामल तयार हुँदै थियो । हेर्दाहेर्दै, एकैछिनमा खुशहाल किसान कङ्गाल भए । विट्रिस भारतीय सेनाले अप्रत्यासित रुपमा घर घरमा पुगेर चामललगायतका खाद्यानहरु जफत गऱ्यो । व्यापारीहरुको गोदामबाट पनि चामल कब्जा लिएको थियो । सेनाले जति ढुवानी गर्न सक्यो, त्यति गऱ्यो । बचेखुँचे चामललगायतका खाद्यानका बोराहरु नदीको पानीमा डुवाइयो । यसका साथै, विट्रिस सैनिकले किसानहरुका हजारौं सङ्ख्यामा रहेका डुङ्गा र बयलगाडालाई समेत नष्ट गरेको थियो । अन्यत्रबाट खाद्यान ढुवानी गर्नबाट बञ्चित राख्नका लागि ति वस्तुहरु नष्ट गरेको थियो । सर्वसाधारण जनता टुलुटुलु हेर्नुबाहेक केही गर्न सक्दैन्थ्यो । जो बोल्ने आँट गर्थ्यो, त्यसलाई बन्दी बनाइन्थ्यो । अङ्ग्रेज क्रुर तानाशाही नीति अपनाएका थिए ।

वेलायती सरकारले बङ्गालका सर्वसाधारण जनतालाई मृत्युको मुखमा धकेलेको थियो । वेलायत सरकारद्वारा निर्मित सो कृत्रिम अनिकालले अनाहकमा तीस लाख मानिसको ज्यान लिएको थियो । वेलायती इतिहासकारले मात्र १५ लाख मरेको भनेर पुस्तकहरुमा उल्लेख गरेका छन् । भारतका पत्रकार र इतिहासकारहरुले साठी लाखभन्दा बढी मानिसहरुको मृत्यु भएको भनेर दावी गर्दै वेलायतलाई माफी माग्नुपर्ने माग बेला बेलामा उठने गरेको छ ।

सो अनिकाल सन् १९४३मा बङ्गाल प्रान्तमा भएको थियो । अविभाजित भारतको बङ्गाल प्रान्तअन्तर्गत विहार, उडिसा, अहिले पश्चिम बङ्गाल र बङ्गलादेश पर्दथ्यो । अनिकालको मुख्य कारक दोश्रो विश्वयुद्धनै थियो । सन् १९३९ मा शुरु भएको विश्वयुद्ध १९४३मा चरमोत्कर्षमा पुगेको थियो । युद्धमा सहभागी भएका देशहरुको दुईवटा समूह थियो । पहिलो समूहमा वेलायत, अमेरिका, फ्रान्स र सोभियत सङ्घ एक ठाउँमा थियो भने अर्को समूहमा जापान, जर्मनी र इटली थिए । त्यो बेला जापानका सेना बर्मा अहिलेको म्यानमारलाई आफ्नो कब्जामा लिइसकेका थिए । बङ्गाल र बर्माको सिमाना एकापसमा जोडिएकाले बेलायतलाई चिन्तित हुनु स्वभाविक थियो । प्रधानमन्त्री विस्टन चर्चिलले जापानी सेना कतै बङ्गालमा पस्यो भने भारत आफ्नो हातबाट फुत्किने डर सताउन थाल्यो । किनभने, नेताजी सभाषचन्द्र बोसले जर्मनी र जापानसँग मिलेर आफ्नो छुट्टै सेना खडा गरी भारतबाट अग्रेजलाई धपाउनका लागि सैन्यशक्ति बढाउनका लागेको थियो । उनलाई जापानी सेनालाई रोक्नका लागि सिमानामा सैन्य शक्ति बढाउनुपर्ने थियो । तर, वेलायतले सजिलो बाटो रोज्यो । बङ्गाललाई खाद्यानविहीन भयो भने जापानीहरु बङ्गाल पस्न हिच्किचाउँछन् । जापानी सेनाहरु पस्यो भने अन्न नपाएर भोकभोकै मर्ने छन् । किनभने, युद्धको क्रममा जुन देश हार्ने अवस्था पुग्छन, सो देशका सेनाले खाद्यान खाद्यान समेटदै पछाडि हटेर सुरक्षित ठाउँमा पुग्ने गर्छन् । समेटन नसेका खाद्यानलाई नष्ट गर्ने गर्छन् । यो युद्ध नीति हो । रुसमाथि जर्मनी सैनिकले चडाई गरेपछि रुसी सैनिक सामान्य अवरोध गर्दै धेरै पछाडि हट्दै गयो । उनीहरुले युद्धको रणनीतितहत खाद्यानहरु धेरै भित्री भागमा लुकाएर राखेका थिए । सो मौंसममा जाडो हुन्थ्यो । जर्मनीका सैनिक धेरै भित्र पसेपछि उनीहरुसँग खान र जाडो छल्ने कपडा थिएन् । भनिन्छ, भोक र जाँडोको कारण जर्मनीका एक करोड ६० लाख सेना रुसमा फसेर मरेका थिए ।

> कृषिप्रधान मुलुक नेपालमा एक दसकभन्दा बढी समयदेखि चामल, कोदो र विभिन्न जातका तरकारी एवम् अरबौं मूल्यको आयात हुने गरिन्छ । चुरेको विनासको कारण मधेश प्रदेशका भूमि मरुभूमिका परिणत हुने सम्भावना बढ्दै गएको छ । तसर्थ, जङ्गलको संरक्षणका साथै कृषि क्षेत्रमा आत्मनिर्भर हुनुपर्छ ।

वेलायतका तत्कालीन प्रधानमन्त्री विस्टन चर्चिलको गलत नीतिले गर्दा लाखौं मानिसको मृत्यु भयो । मानवतानै कलङ्कित भएको थियो । उतिखेर, भारत वेलायतको उपनिवेश थियो । अग्रेजको त्यत्रो दमनकारी नीतिको विरोधमा महात्मा गान्धीले एक शब्दपनि बोलेन् । बरु, कम्युनिष्ट पार्टी सन् १९४४मा किसानहरुको भेला गराएर विरोधमा आवाज उठाएका थिए । गान्धीले वेलायती सरकारको बङ्गाल नीतिको विरोध गरेको भए, भारतमा विद्रोह हुने प्रवल सम्भावना थियो । विद्रोह भएपनि नभएपनि सधैं अहिंसाको कुरा गर्ने गान्धीको छवि धुमिल भएको थियो । उनीमाथि बङ्गालका जनता आक्रोसित देखिन्थे ।

बङ्गाल प्रान्तको तीस लाखभन्दा बढी मानिस भोकले तडपि तडपि मृत्युवरण गर्नु सामान्य कुरा थिएन् । ग्रामीण क्षेत्रमा अन्न नपाएर कतै शहरी क्षेत्रमा भोजन पाइन्छ भनेर आशामा लाखौं मानिसहरु बङ्गालको दुई प्रमुख शहर कलकत्ता र ढाका पुगेका थिए । त्यहाँपनि अन्न नपाएपछि भोक र रोगले ग्रसित भएर मृत्युवरण गर्नुपरेको थियो । सडक र गल्लीहरुमा यत्रतत्र शवले भरिएको थियो । शवको व्यवस्थापन गर्नमा हम्मेहम्मे परेको थियो । चारैतिर शव नै शवको दृश्यलाई एक पत्रकारले आफ्नो क्यामरामा उतारेर आफ्नो पत्रिकामा प्रकासित गरेपछि विश्व चकित भएको थियो । त्यसपछि, सो मानव नरसङ्हारको विषयले चर्चिलको छविमाथि ठूलो आघात परेको थियो ।

तस्विर तान्ने पत्रकार इयान स्टीफेन थिए । दोश्रो विश्वयुद्धको समयमा युद्धग्रस्त क्षेत्रको तस्वीर खिचेर पत्रपत्रिकामा छाप्न सख्त मनाही गरिएको थियो । सो पत्रिका सम्पादक इयान स्टिफेनले भारतमा युद्धको कारणले होइन कि भोकले मानिस मरिरहेका छन् भनेर तस्वीर पत्रिकामा प्रकासित गर्ने आँट गऱ्यो । 'द स्टेटसमेन पत्रिकाले युद्धकालिन सेंसरलाई अवहेलना गऱ्यो भनेर वेलायती सरकारले कारवाहीको धम्कि दिएका थिए । त्यो पत्रिका र पत्रकार वेलायतकै थिए ।

दोश्रो विश्वयुद्ध शुरु हुनासाथ महात्मा गान्धीले भारतस्थित विट्रिस सरकारविरुद्ध कार्यक्रमहरु स्थगित गऱ्यो । भारतीय युवाहरुलाई सेनामा भर्ना भएर वेलायतलाई सघाउन सुझाव दिएको थिए । तर, बङ्गालमा लाखौं मानिसको मृत्यु भोकको कारणले भएपनि अन्नको सङ्कट टार्नका लागि वेलायत सरकारमाथि गान्धीले दवाव दिन उचित सम्झेन् । उनको सोच के थियो भने अहिले वेलायत विश्वयुद्धमा सरिक रहेकाले अहिले भोकमरीको विषय उठान गरेर अल्झाउनु ठीक नहुने सोचाई राखेको बुझिन्छ ।

बेलायतल नोवेल पुरस्कारबाट सम्मानित अर्थशास्त्री अमर्त्य सेनले गरिव बङ्गालीको भोजनको पर्याप्त आपूर्ति नगरिएको कारण लाखौं मानिसको मृत्यु भएको थियो । युद्धको कारण महङ्गी अकासिएकाले अन्न गरिवको पहुँचभन्दा बाहिर पुग्यो । विट्रिस सरकार खाद्यानको आपूर्ति गर्न नचाहेको कारण एक किसिमले नरसङ्घार नै भएको भनेर उनको आरोप थियो । यस सन्दर्भमा पत्रकार मधुश्रीले सन् २०१९मा एक अध्ययनको आधारमा उनले बङ्गालको त्रासदीपूर्ण अनिकालको लागि तत्कालीन वेलायती प्रधानमन्त्री विस्टन चर्चिलनै उत्तरदायी रहेको भनेर उनले गम्भीर आरोप लगाए । उनले भने, "चर्चिललाई माफ गर्न सकिँदैन् ।" इतिहासकार विमल मिश्रले "यो अनौंठो किसिमको अनिकाल थियो, जो कुनै मानसुनको विफलताको कारण नभई सरकारको नीतिगत विफलताको कारण उत्पन्न भएको थियो ।"

भोकमरी र लाखौं मानिसको मृत्युले गर्दा जनतामा विट्रिस सरकारविरुद्ध आक्रोस बढ्दै गयो । सन् १९४४मा कृषक सभामा सरकारमाथि दवाव बनाउनका लागि प्रस्ताव पारित गऱ्यो । सन् १९४५मा अग्रेजको विरुद्ध आन्दोलनको प्रभाव बंगालमा पनि पऱ्यो । त्यो आन्दोलनको कारण कम्युनिष्ट पार्टीको नेतृत्वमा सन् १९४६मा वङ्गालमा आयोजित किसान सभाले आफ्नो माग लिएर आन्दोलन सञ्चालन गऱ्यो । एक बर्षसम्म चलेको सो आन्दोलन तेभागा नामले पहिचान बनाए ।

योभन्दा पनि विकराल भोकमरी सन् १८७६मा भएको थियो । त्यो बेलापनि भारत विट्रिसकै उपनिवेश थियो । भारतको अधिकांस क्षेत्रमा राजा रजौंटामार्फत शासन सञ्चालन हुने गरिन्थ्यो । केही क्षेत्रहरुमा बेलायतले प्रत्यक्ष रुपमा शासन गर्ने गर्दथ्यो । सन् १८७५मा प्रशान्त महासागरमा तापमान बढेपछि मौंसममा ठूलो परिवर्तन भयो । भीषण चक्रपात भयो । सो चक्रपातको 'एलोमिनो' नामाकरण गरिएको थियो । त्यसको असर दक्षिण भारत, चीन, अफ्रिका र सुदूर अमेरिकामा परेको थियो । व्यापक रुपमा खाद्यान उत्पादन नष्ट भयो । खाद्यान नष्ट हुनासाथ पालतु जनावरको चराको पनि अभाव भयो । विट्रिस सरकारले परम्परागत रुपमा धान उत्पादन गर्ने किसानलाई कपास उत्पादनको लागि बाध्य पारेको थियो । उनीहरुलाई विदेशमा कपास निर्यात गर्नु थियो । कपास खेतिका लागि किसानहरुलाई ऋण उपलब्ध गराएको थियो । धानवालीसँगै कपासको खेतिपनि चक्रपातमा नष्ट भएपछि किसानहरु ऋणमा डुबे । अर्कोतर्फ खाद्यानको अभावमा भोकमरी पनि शुरु भयो । दक्षिण भारतमा जवरजस्त अनिकाल परेको थाहा पाएरपनि भारतबाट ३२ लाख किवन्टल चामल वेलायत पठाइएको थियो । २० करोड जनसङ्ख्या रहेको भारतमा उतिखेर एक करोड मानिसको मृत्यु भएको थियो भने ६ करोड मानिस विभिन्न रोगका साथै कुपोषित भएका थिए ।

सोही बर्ष वेलायतकी महरानी विक्टोरियाले भारतको महरानीकी गद्दी सम्हालेकी थिइन् । वायसराय लीटनले सोको उत्सवमा ६० हजार व्यक्तिलाई भोजमा आमन्त्रित गरी भोजन गराएको थियो । एकतर्फ सर्वसाधारण अन्नको अभावमा प्रतिदिन हजारौंको सङ्ख्यामा मर्ने गर्दथ्यो भने अर्कोतर्फ अग्रेजहरु विलासिताको जीवन विताइरहेका थिए । सन् १८५७मा भारतमा अङ्ग्रेजविरुद्ध सैनिक विद्रोह भएको थियो । त्यो बेलामा भारतभरि हिंसात्मक आन्दोलनलाई नियन्त्रणमा लिनका लागि अङ्ग्रेजलाई हम्मेहम्मे परेको थियो । आन्दोलनको दुई दसक नवित्दै १८७६को अनिकालमा खाद्यान आपूर्तिको लागि अङ्ग्रेज सरकारले तत्परता देखाएन् । त्यसपछि, भारतस्थित अग्रेजको विरुद्ध जनआक्रोस बढ्दै गयो ।

सन् १८९९मा राजस्थानमा भीषण अनिकाल पऱ्यो । सो अनिकालबाट जोधपुर, जयपुर र विकानेर सवैभन्दा बढी प्रभावित भएका थिए । राजस्थानको अधिकांस भाग मरुभूमि नै छ । सामान्य अवस्थामा पनि पानीको अभाव रहन्छ । बर्षा नभएको कारण पानीको अभावमा मानिस र जनावर मृत्यु हुन थालेको थियो । सो प्रान्तका राजाहरुले सर्वसाधारण जनताको लागि निःशुल्क भोजनको व्यवस्था गरेको थियो । ठाउँ ठाउँमा गरिएपनि त्यो बेलामा यातायात र सञ्चारको अभावमा अधिकांस जनतासम्म सो जानकारी पुग्न सकेन् । तापनि, राजा र व्यापारीहरुको निःशुल्क भोजनको कारण लाखौं मानिसका ज्यान बचेका थिए । त्यत्रो व्यवस्था हुँदा पनि दस लाख मानिसको मृत्यु भएको थियो । वि.सं १९५६मा सो अनिकाल परेकाले 'छपनिया अनिकाल' भनेर चिनिन्छ ।

उहिले बर्षाकै भरमा खेति हुने गरिन्थ्यो । किसानहरुलाई धेरै बढी करपनि तिर्नु पर्दथ्यो । उपनिवेशको कारण अनाहकमा दासतको जीवन विताउनु पर्दथ्यो ।

कृषिप्रधान मुलुक नेपालमा एक दसकभन्दा बढी समयदेखि चामल, कोदो र विभिन्न जातका तरकारी एवम् अरबौं मूल्यको आयात हुने गरिन्छ । चुरेको विनासको कारण मधेश प्रदेशका भूमि मरुभूमिका परिणत हुने सम्भावना बढ्दै गएको छ । तसर्थ, जङ्गलको संरक्षणका साथै कृषि क्षेत्रमा आत्मनिर्भर हुनुपर्छ । 'इतिश्री'

# रक्तसञ्चार सेवाः विगत, वर्तमान र भविष्य

प्रा सुर्दशनप्रसाद नेपाल

नेपाल रेडक्रस सोसाइटी (नेरेसो) स्थापना भएको तीन वर्षपछि अर्थात् २०२३ साउन १२ गते नेपाल रेडक्रस रक्तसञ्चार सेवा केन्द्रको सञ्चालन प्रारम्भ भएको हो । प्रारम्भमा वीर अस्पतालको हातामा लक्ष्मी ब्लड बैंकको रूपमा पहिलो रगत बैंक सञ्चालनमा ल्याइएको थियो । नेपालमै पहिलो रगत बैंकको रुपमा स्थापित यस केन्द्रले एक वर्षको अवधिमा जम्मा १५७ युनिट मात्र रगत सङ्कलन गरको थियो । सुरूका दिनहरूमा रगतको किनबेच गर्ने पेशेवर व्यक्तिहरूबाट समेत रगत सङ्कलन गर्ने गरिएकामा २०३९/४० देखि त्यस्ता व्यक्तिहरूबाट रगत नलिई स्वयंसेवी रगतदाताहरूको संख्यामा वृद्धि गरी रगत सङ्कलन गर्न थालिएको हो । २०४८ चैत २४ मा तत्कालीन सरकारले रेडक्रसलाई नै नेपालभर रक्तसञ्चार सेवा सञ्चालनको एकल अधिकार दिएको थियो । २०५० सालमा सरकारबाट रक्तसञ्चार सेवाको राष्ट्रिय नीति स्वीकृत भई लागू भएको थियो । २०६३ सालमा उक्त नीति परिमार्जन गरी स्वास्थ्य सेवा विभागका महानिर्देशकको नेतृत्वमा राष्ट्रिय निर्देशक समिति गठन गरिएको थियो । त्यसलाई कार्यान्वयन गर्न रक्तसञ्चार व्यवस्थापनसम्बन्धी राष्ट्रिय निर्देशिका पनि तयार गरियो ।

२०७१ मा बनेको राष्ट्रिय रक्तसञ्चार नीतिमा नेपालमा नेपाल रेडक्रस सोसाइटीद्वारा सञ्चालन गरिएको रक्तसञ्चारलाई नै सरकारले केन्द्रमा राख्यो । सोहीअनुरूप नेपाल रेडक्रस सोसाइटीकै पहलमा काठमाडौंमा केन्द्रीय रक्तसञ्चार सेवा सञ्चालनमा छ । यसका साथै देशभर नेरेसोका १२० वटा रक्तसञ्चार सेवा केन्द्रहरू सञ्चालनमा छन । यसका साथै सरकारले रक्त सञ्चार सेवा सञ्चालनको मापदण्ड २०७२ पनि जारी गरेको छ ।

सरकारले जारी गरेको स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७ ले रक्तसञ्चार सेवालाई थप व्यवस्थित बनाउन विभिन्न मापदण्डहरू तय गरेको छ । यसअन्तर्गत रक्त सञ्चार केन्द्रहरू ए, बी, सी, डी र ई गरेर पाँच श्रेणीमा विभाजन गरिएका छन् । अस्पताल बाहिर सञ्चालन हुने एकल रक्तसञ्चार केन्द्रहरू भने 'ए' वर्गको हुनुपर्ने उल्लेख छ । नेपाल रेडक्रसले रक्तसञ्चार सेवा सञ्चालन जस्तो मानवीय कार्यलाई क्रमिक रूपमा नेपालभर विभिन्न स्थानमा विकास तथा विस्तार गर्दै लगेको छ । यसका अतिरिक्त संस्थागत रूपमा रगत दान गर्नेहरूको अभिरूचिमा वृद्धि भएको पाइएको छ । यस अर्थमा नेपालमा जीवन बचाउनको लागि स्वयंसेवीहरूले रक्तदान गर्ने पवित्र कार्यको संस्कार बसाल्न नेरेसोले अद्वितीय भूमिका खेलेको छ ।

हाल नेपाल सरकारको राष्ट्रिय रक्तसञ्चार नीतिवमोजिम आवश्यकतामा रहेका बिरामीहरूको लागि सुलभ र गुणस्तरीय रक्तसञ्चार सेवा उपलब्ध गराउन नेपाल रेडक्रस सोसाइटीले आफ्ना देशभरीका विभिन्न निकायमार्फत् निरन्तर सेवा प्रवाह गर्दै आएको सबै सामु छर्लङ्ग छ । काठमाडौंमा केन्द्रीय रक्तसञ्चार सेवाको अलावा विराटनगर, भरतपुर, पोखरा, नेपालगञ्ज र धनगढीमा प्रदेश स्तरीय रक्तसञ्चार सेवा सञ्चालन भइरहेको छ । यसैगरी २४ जिल्लामा जिल्लास्तरीय, विभिन्न जिल्लाको ४१ स्थानबाट आकस्मिक रक्तसञ्चार सेवा प्रदान गरिएको छ । मधेश प्रदेश र कर्णाली प्रदेशमा पनि प्रदेशस्तरीय रक्तसञ्चार सेवा स्थापनाको लागि नेरेसो प्रयत्नशील छ । विभिन्न ४९ वटा अस्पतालबाट पनि रक्तसञ्चार सेवा प्रदान भइआएको छ । समग्रमा नेपालको ७३ जिल्लाका १२० स्थानमा रक्त सञ्चार सेवा केन्द्र तथा एकाइहरू क्रियाशील छन् । आर्थिक वर्ष २०७९/८० मा नेरेसोबाट सञ्चालित एकाइ तथा सेवा केन्द्रबाट दुई लाख ८१ हजार तीन सय १६ युनिट रगत सङ्कलन गर्न र तीन लाख ९१ हजार आठ सय ५३ युनिट रगत तथा रक्ततत्व बिरामीलाई उपलब्ध गराउन यो सेवा सक्षम भएको छ भने आगामी आर्थिक वर्षमा पनि विरामीको आवश्यकता अनुरूप रगत सङ्कलन गरी गुणस्तरीय सेवा पुऱ्याउने लक्ष्य रहेको छ ।

प्रदर्शनी मार्ग काठमाडौंको केन्द्रीय रक्तसञ्चार सेवाको भवन २०७२ सालको महाभूकम्पले क्षति भएकाले अहिले नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यालय परिसरमा बनेको अस्थायी भवनबाट सेवा पुऱ्याइएको छ । साविककै स्थानमा थाई रेडक्रसको सहयोगमा केन्द्रीय रक्तसञ्चार सेवाको आधुनिक सुविधा सम्पन्न भवन निर्माण सम्पन्न भई आन्तरिक व्यवस्थापनको कार्य भइरहेकाले निकट भविष्यमा पुनः प्रदर्शनी मार्गबाट अझ प्रभावकारी सेवा उपलब्ध गराउने तयारी भइरहेको छ ।

### सुरक्षित रगतको लागि मापदण्ड परिपालन

सुरक्षित रगत सुरक्षित रक्तदाताबाट सुरू हुन्छ । टान्सफ्यूजन ट्रान्समिसेवल इन्फेक्सनलाई दृष्टिगत गरी रक्तदान गर्ने सबै रगतदाता र विशेषगरी घुम्ती रक्तदान कार्यक्रममा रगत दान गर्ने व्यक्तिहरूको छनोटमा विशेष निगरानी गर्ने तथा विगतको स्वास्थ्यको जानकारी लिने गरिएको छ । रक्तदाता छनोट गर्दा रक्तदाताको भौतिक परीक्षणहरू गरिन्छ । सङ्कलन गरिएका सबै रगतका इकाईहरूमा एचआईभी, एचबीएसएजी, एचसीभी, सिफिलिस परीक्षणका साथै वितरणपूर्व अनुकूलता परीक्षण गरिन्छ । केन्द्रीय रक्तसञ्चार सेवामा टीटीआईएस परीक्षणको लागि अत्याधुनिक प्रविधि क्लिया शुरु गरिएको छ ।

रगतको तत्व निर्माणअन्तर्गत प्लाज्मा, प्लेटलेट्स, क्रायो र क्याकसेल रे रक्तसेल, प्लेटलेट रिच प्लाज्मा, एलडिपिआरबिसी तथा अन्यको पनि निर्माण गरी आवश्यकतानुसार विरामीहरूलाई उपलब्ध गराइँदै आइएको छ । यसरी वितरण गर्दा केन्द्रीय रक्तसञ्चार सेवामा ४६.५७ प्रतिशत र देशभरि औसत कम्पोनेन्ट सेवा ३६.४१ प्रतिशत रहेको छ र भविष्यका कम्पोनेन्ट सेवा अझै थप गर्दै जाने प्रतिबद्धता पनि रहेको छ । केन्द्रीय रक्त सञ्चार सेवाद्वारा विभिन्न संघसंस्थाहरूको सहयोगमा घुम्ती रक्त सङ्कलन कार्यक्रममार्फत ८७३ वटा घुम्ती रगत सङ्कलन कार्यक्रममार्फत ३२ हजार चार सय ९९ युनिट रक्त सङ्कलन गरिएको छ, जसमध्ये २५ हजार सात सय ६० युनिट पुरूष रक्तदाताबाट र छ हजार सात सय ३९ युनिट महिला रगतदाताबाट रगत सङ्कलन भएको छ । यसरी सुलभ, गुणस्तरीय र मर्यादित सेवा नेपालको रक्तसञ्चार सेवाको मूल भावनालाई कार्यान्वयनमा लैजादै रक्तसञ्चार सेवा सुसञ्चालन गर्न नेपाल सरकारले संस्थालाई दिएको जिम्मेवारी बमोजिम केन्द्रीय रक्तसञ्चार सेवा र विभिन्न प्रादेशिक तथा जिल्ला एवं आकस्मिक सेवा केन्द्रहरुबाट रक्त उत्प्रेरणा, सङ्कलन, ल्याव परीक्षण र गुणस्तर व्यवस्थापनका कार्यहरु र वितरण सेवा सुचारु छ ।

नेपाल रेडक्रस, सरोकारवाला संस्थाहरुको पैरवी र सुझावलाई मध्यनजर गरी नेपाल सरकारले देशभरि प्रविधि अनुसार सेवा शुल्कमा एकरुपता ल्याउने निर्णय गरेको छ, जुन वर्षौंदेखिको समस्या रहिआएको थियो । प्राविधिक र लागतका दृष्टिले औचित्यपूर्ण हुने गरी प्रतियुनिट सेवा शुल्कको सीमा रु.८१० देखि अधिकतम् रु.एक हजार ६४० कायम गर्ने र हाल सेवा शुल्क वढी रहेका सेवा केन्द्रहरुले सोहीअनुसार समायोजन गर्ने निर्णय भएको छ । यस निर्णयले प्रविधिलाई प्रोत्साहन गरेको छ र रक्तसञ्चारमा खर्च लाग्छ भन्ने विषयलाई स्पष्ट पारी शुल्क लिन सकिने शीर्षकहरु स्पष्ट पारेको छ ।

विरामीहरुले सहुलियतमा रगत तथा रक्ततत्व पाउने गरी सरकारसँग नेरेसोका विभिन्न रक्तसञ्चार केन्द्रहरुले अनुरोध पैरवी गरेका छन् । गण्डकी प्रदेशमा पूर्णरुपमा रगत तथा रक्ततत्व निःशुल्क कार्यक्रम सुरु भएको छ, बागमती र लुम्बिनी प्रदेशमा निश्चित सरकारी अस्पतालबाट सेवा लिनेलाई निःशुल्क कार्यक्रम सुरु भएको छ । त्यस्तै विभिन्न पालिकाहरुले आफ्ना कार्यक्षेत्रका बासिन्दाहरुलाई निःशुल्क रगत सेवा कार्यक्रम रेडक्रसको सहकार्यमा सुरु र निरन्तरता दिएका छन् । कञ्चनपुर, धादिङलगायतका जिल्ला शाखाले स्थानीय पालिकाहरुको सहकार्यमा पूर्ण निःशुल्क कार्यक्रम अघि बढाएका छन् ।

नेपाल सरकारबाट थालेसिमिया, सिकलसेल एनिमिया र हेमोफिलिया भएका १४ वर्षमुनिका बालबालिकालाई कान्ति बाल अस्पतालबाट विशेष उपचार सेवा सुरु गरिएकामा चालु आर्थिक बर्षको लागि पनि ती बिरामीको लागि सरल प्रकृयाबाट रगत उपलब्ध गराउने सम्झौता नवीकरण हुनेछ । वयस्कहरुलाई लक्षित यस्तो सेवा वीर अस्पतालमा पनि सुरु भएको छ । रक्तसञ्चार सेवाको गुणस्तर बढावा दिने हेतुले विभिन्न जिल्ला शाखाका रक्तसञ्चार केन्द्रहरुले कम्पोनेन्ट सुविधा विस्तार गरेका छन् । केन्द्रीय रक्तसञ्चार सेवामा एफरेसिस सेवा सुरु गरिएको छ । भरपर्दो क्लिया पद्धतीबाट रक्तसङ्क्रमण परिक्षण सुरु भएको छ । राष्ट्रिय जनस्वस्थ्य प्रयोगशाला, राष्ट्रिय रक्तसञ्चार व्यूरो, ग्लोबल एडभाइजरी प्यानल, जापनीज रेडक्रस, अमेरिकन रेडक्रस, थाई रेडक्रसको सहयोगमा सञ्चालित परियोजनाहरूमार्फत विभिन्न गतिविधिहरू सञ्चालन भएका छन् तथा यी परियोजनाहरूबाट प्राप्त उपकरणहरू केन्द्रलगायत विभिन्न जिल्लामा सञ्चालित रक्तसञ्चार सेवामा प्रयोगमा आएका छन् र यी उपकरणहरूबाट रक्तसञ्चार सेवाको सेवा प्रवाह र गुणस्तर अभिवृद्धिमा सहयोग पुगेको छ ।

रक्तदाता उत्प्रेरणा तथा रक्त सङ्कलन कार्यमा ब्लड डोनर्स एसोसिएसन नेपाल तथा यसमा आवद्ध संस्थाहरू, स्वयंसेवी रक्तदाता समाज तथा यसमा आवद्ध संस्थाहरू, गणेशमानसिं अध्ययन प्रतिष्ठान, सङ्कटा क्लब, फ्रेण्डस अफ आर.एच. नेगेटिभ, हाम्रो लाईफ बैंक, दीर्घायु अस्पताल, शान्तिज्ञान सत्संग भजन मण्डल, नेपाल रेडक्रस सोसाइटीका विभिन्न निकायहरु, सत्यसाइ सेवा सङ्गठन, लायन्स क्लब, लियो क्लब, रोटरी क्लब, रोटर्याक्ट क्लब, नेपाल जेसिस, बैंक तथा वित्तिय सस्थाहरु, सहकारी संस्थाहरु, श्वेता रक्तदान अभियान, फ्रेस ब्लड डोनर्स, राजनीतिक दल र भातृ सङ्गठनहरु, फ्रेस ब्लड डोनर्स, नेपाल थालसेमिया सोसाइटी रेयुकाईलगायत धेरै संघ सस्थाहरूले नियमित तथा वार्षिक रूपमा रक्तदान कार्यक्रम आयोजना गरी यस सेवालाई उल्लेखनीय सहयोग पुऱ्याइरहेका छन् ।

केन्द्र तथा जिल्लामा सञ्चारमाध्यमहरुले उत्प्रेरणा र रक्तदानमा उल्लेखनीय सहयोग गरेका छन् । रक्तदाता संघ संस्थाहरुलाई नियमित रक्तदानको लागि उत्प्रेरणा र प्रोत्साहनको लागि केन्द्रीय रक्तसञ्चार सेवाबाट हरेक तीन तीन महिनाभर एक कार्यक्रममा ५० युनिटभन्दा बढी रक्तदान गराउने संघ संस्थाहरुलाई प्रसंसा टोकनबाट सम्मान गर्ने गरिएको छ । प्रदेश सरकार र नरपालिकाहरुको सहयोगमा बिरामीहरुको लागि आवश्यक ५,३३४ युनिट रगत तथा रक्ततत्व निःशुल्क उपलब्ध गराइएको छ ।

### भावी रणनीति र प्राथमिकताहरू

स्थापनाकालदेखि विभिन्न अवस्था पार गर्दै आफ्ना सेवाहरु दिने क्रममा रक्तसञ्चार सेवामा अझै चुनौतीहरु सामना गर्नुपरिरहेको छ । आधुनिक चिकित्साको विकाससँगै रगत र रक्ततत्वको माग पनि बढिरहेको छ । यसलाई परिपूर्ति गर्न बजेटसहितको राष्ट्रिय योजनाको खाँचो देखिएको छ । रगतको चिकित्सकीय प्रयोगलाई व्यवस्थित बनाउनु पर्नेछ । हरेक सेवा केन्द्रमा आर्थिक सबलीकरणको लागि दिगो स्रोतको थप व्यवस्था गर्नुपर्ने छ । मानव जीवनसँग प्रत्यक्ष सरोकार राख्ने सेवाको गुणस्तर अभिवृद्धि गर्न निश्चित मापदण्डको प्रविधि तथा उपकरणको व्यवस्था गर्न थप स्रोत, साधन परिचालन गर्न आवश्यक छ ।

बढी रगत माग हुने जिल्लामा माग अनुसार आपूर्ति गर्न यथेष्ट रगत सङ्कलनको लागि यस सेवालाई अझै प्रभावकारी गराउँदै लैजान, समुदायस्तरमा रक्तदाता संघ संस्था, स्थानीय निकायहरू, अस्पताल तथा स्वास्थ्य संस्थाहरूसँग समन्वय बढाउँदै लैजान एकद्धार योजना, प्रतिवेदन, सूचना आदान प्रदान र अनुगमन पद्धति चुस्त बनाउनुपर्ने देखिएको छ । सेवामा एकरुपताको लागि स्तरीय विधि, पद्धति र संरचना पुनःनिर्माण वा पुनःपरिभाषित गर्नुपर्ने छ । नेपाल सरकारको स्वास्थ्य संस्था सञ्चालन मापदण्डबमोजिम स्तर निर्धारण, मानव स्रोत व्यवस्थापन तथा उचित अनुगमन आवश्यकता देखिएको छ ।

युवा तथा महिला रक्तदाताको अनुपात अभिबृद्धि गराउन थप पहल गर्नु पर्नेछ । हाल रक्तसङ्कलनमा महिला रक्तदाता करीब १४ प्रतिशत मात्र रहेको छ । सम्बन्धित सरोकारवाला सङ्घसंस्थाहरूसँग अन्तरक्रिया कार्यक्रमहरू, रक्तदान गर्ने गराउने तथा सेवा प्रदायक संस्थाहरुसँग समन्वय गरी सेवामा साझा अवधारणा बनाउने र रक्तदान तथा रगतको उचित प्रयोगको चेतना बढाउनु पर्नेछ । रक्तसञ्चार सेवा देशको नागरिकको स्वास्थ्यको एक अभिन्न अङ्ग भएकोले विभिन्न तहका सरकारले गम्भीर ध्यान दिएर वार्षिक बजेट नै व्यवस्था गरी पूर्वाधार विकासदेखि गुणस्तर अभिवृद्धि तथा सेवा प्रवाहमा सहयोग पुग्ने भएकाले उक्त कदम चाल्न आवश्यक छ ।

अन्त्यमा, सरोकार राख्ने सङ्घसंस्था, स्थानीय निकाय एवं सबै नागरिकले यस मानवीय सेवामा सहयोग गर्न दायित्व महशुस गरी रक्तदान गर्न गराउन पहल र सेवालाई प्रभावकारी गराउन आवश्यक छ । रक्तसञ्चार केन्द्रले हाल आर्थिक हिसाबले घाटामा रहेर पनि जीवन बचाउने सेवा मानेर सेवालाई निरन्तरता दिइरहेको अवस्थामा संघीय, प्रादेशिक र स्थानीय सरकारबाट सेवा केन्द्रको स्तरोन्नति, गुणस्तरीयता तथा सुलभ सेवामा थप सहयोगको अपेक्षा गरिएको छ । रक्तदाताको पहिचान र सम्मान अभिवृद्धिमा सबै पक्षको योगदानको अपेक्षा गरिएको छ । सुलभ, गुणस्तरीय र मर्यादित सेवा : नेपालको रक्तसञ्चार सेवाको मूल भावनालाई कार्यान्वयनमा लैजान र नेपाल सरकारले संस्थालाई दिएको जिम्मेवारी पूरा गर्न नेपाल रेडक्रस सोसाइटी संस्थागत हिसाबले कटिबद्ध छ । (लेखक नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष हुनुहुन्छ)रासस

# सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई थप बलियो बनाउन संविधान संशोधनः कांग्रेस नेता निधि




काठमाण्डु। नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई थप बलियो बनाउन आमसहमतिका आधारमा संविधान संशोधन गरिने बताउनुभएको छ।

बयालिसौँ बिपी स्मृति दिवसका अवसरमा शनिबार नेपाली कांग्रेस भक्तपुर क्षेत्र नं २ ले यहाँ आयोजना गरेको बिपी स्मृति सभामा उहाँले कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) बीच भएको सहमतिअनुसार सबैको सहमतिमा संविधान संशोधन अगाडि बढाइने बताउनुभयो।


नेता निधिले सत्ता गठबन्धनले सङ्घीयता, प्रदेश संरचना र समानुपातिक व्यवस्थालाई कमजोर बनाउँछन् भनेर चलाइएका हल्लाका पछि नलाग्न आग्रह गर्नुभयो। उहाँले संविधान संशोधनभन्दा पहिले प्रदेश कानुन बनाउन अत्यावश्यक रहेको समेत चर्चा गर्नुभयो। "अहिले संविधान संशोधनभन्दा पनि प्रदेश कानुन बनाएर प्रदेशको अधिकारलाई पूर्णता दिनु अत्यावश्यक छ, प्रदेशको आफ्नै प्रहरी, कर्मचारी हुने संविधानमा व्यवस्था छ तर त्यसको कार्यान्वयन भएको छैन । यसर्थ संविधानअनुरूप कानुन बनाउने विषयलाई वर्तमान सत्ता गठबन्धनले पहिलो प्राथमिकतामा राख्नुपर्छ।"

कांग्रेस पूर्वउपसभापति निधिले एमाले र कांग्रेसबीच भएको सातबुँदे सहमतिअनुसार सरकारको निरन्तरता र कामकारबाही अगाडि बढ्ने धारणा राख्नुभयो। उहाँले भन्नुभयो, " दुई पार्टीबीचको सहमतिलाई प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी शर्मा ओलीले संसद्मा पढेर सुनाउनुभएको छ। म दाबाका साथ भन्न चाहन्छु, यो सम्झौता २०८४ को चुनावसम्म कायम रहन्छ। सरकारको नेतृत्व पनि सोहीअनुसार हस्तान्तरण हुन्छ। बाहिर यो सरकार टिक्दैन, केही महिनाका लागि मात्रे हो भन्ने चर्चा र भ्रम छर्ने काम भइरहेको छ, यसलाई चिरेर अगाडि बढ्छौँ।"

वर्तमान सरकारको भविष्यबारे चिन्ता नगरी २०८४ सालमा बहुमत ल्याउने गरी पालिका तहदेखि नै पार्टीलाई मजबुद बनाउन लाग्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै प्रतिनिधिसभा सदस्य निधिले गुट उपगुटभन्दा माथि उठेर पार्टीलाई जिताउने गरी एकताबद्ध हुन अपिल गर्नुभयो।

कार्यक्रममा नेपाली कांग्रेस भक्तपुरका सभापति एवं प्रतिनिधिसभा सांसद दुर्लभ थापाले बिपीको सिद्धान्तबाट कांग्रेस विचलित हुन नहुने चर्चा गर्नुहुँदै तल्लो तहबाटै कांग्रेस एकढिक्का भएर लाग्नुपर्नेमा जोड दिनुभयो। आयोजक कांग्रेस भक्तपुर क्षेत्र नं २ का सभापति भेषबहादुर कार्कीले माथिल्लो तहदेखि नै गुटबन्दी अन्त्य भएकामा सिङ्गो कांग्रेस एक भएर अगाडि बढ्ने दाबी गर्नुभयो।रासस

# साहित्य साधनाका लागि हाम्रो मुलुक ऊर्बर भूमि हो : प्रधानमन्त्री ओली




काठमाण्डु। प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाली भूमि कला- संस्कृतिका लागि ऊर्वर भूमि भएको बताउनुभएको छ। लेखक नेत्रप्रसाद गौतमद्वारा लिखित विभिन्न कृतिको शनिबार लोकार्पण गर्नुहुँदै उहाँले हाम्रो मुलुक साहित्य साधनाको ऊर्बर भूमि र ज्ञानको उद्भव स्थल हो भन्नुभयो। "मानिसका अनुभव र अनुभूतिहरू सङ्गहित र परीक्षित भएपछि ज्ञान बन्छ। ज्ञानको सङ्ग्रह र वितरणको आरम्भ पृथ्वीको यही भागबाट भएको हो।'', प्रधानमन्त्री ओलीले भन्नुभयो, "नेपालका घाँस, पात र परिङ्गर, पँधेरामा पनि आँशु कविता प्रकट हुने वातावरण छ। यो वातावरणलाई विस्तार गरेर जाने सन्दर्भमा गौतमको लेखनी अघि बढ्दै जाओस् भन्ने चाहन्छु।''

उहाँले भानुभक्त आचार्य, मोतीराम भट्ट, लेखनाथ पौडेल, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा जस्ता महान् साहित्यकारहरू नेपालमा जन्मिएको सन्दर्भ उल्लेख गर्दै रोधी घरमा बसेर तत्काल गीत बनाएर गाउने कला र प्रतिभा नेपालीहरुमा रहेको छ भन्नुभयो। कार्यक्रममा प्रधानमन्त्री ओलीले ८१ वर्षीय गौतमका 'मेरो इतिहास', 'नेत्रका तीन खण्डकाव्य' र 'भूत पिसाचका कथा' कृति लोकार्पण गर्नुभएको थियो।

लेखक गौतमबाट अझै थप कृतिको आशा व्यक्त गर्दै प्रधानमन्त्री ओलीले उमेर ढल्केपनि स्वास्थ्यका लागि थुप्रै पद्धति, उपकरण र चिकित्सा विज्ञान विकास भइसकेकाले ज्येष्ठ नागरिकले रोगको चिन्ता गर्नु नपर्ने बताउनुभयो ।

आफू दुई पटक मिर्गौला फेरेर पनि स्वस्थ्य नै रहेको सन्दर्भ उल्लेख गर्दै प्रधानमन्त्री ओलीले विज्ञान र प्रविधिले आविष्कार गरेका विधिलाई मानवीय हित र उपचारमा प्रयोग गर्न सक्नुपर्नेमा जोड दिनुभयो।कार्यक्रममा नेकपा (एमाले) का महासचिव शङ्कर पोखरेल, उपमहासचिव प्रदीपकुमार ज्ञवाली, सल्लाहकार कमिटीका अध्यक्ष अमृतकुमार बोहरा, समीक्षक रवीन्द्र भट्टराईले लेखक गौतमका कृतित्व र व्यक्तित्वबारे चर्चा गर्नुभएको थियो।रासस

# जनताले प्राप्त गरेको अधिकार कसैले खोस्न सक्दैन : अध्यक्ष प्रचण्ड




काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपाली जनताले प्राप्त गरेको अधिकार खोस्ने जमर्को भए त्यसको प्रतिवाद गरिने बताउनुभएको छ।

नेकपाका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठको जन्म शताब्दीका अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले संविधानसभाबाट निर्माण भएको संविधानमा प्राप्त भएका जनताका अधिकार कोही कसैले पनि खोस्न नसक्ने उल्लेख गर्नुभयो।

उहाँले आदिवासी, जनजाति, महिला, दलित, अल्पसङ्ख्यक समुदायलाई थप अधिकार सम्पन्न बनाउन संविधान संशोधन गर्नुपर्ने आफूहरुको मत रहेको र पछिल्लोपटक संसद्मा सम्बोधन गर्दासमेत त्यही विषयलाई केन्द्रित गरेको बताउनुभयो।संविधन संशोधनको नाममा प्रतिगमनतिर लैजाने काम गरिए त्यो आफूहरूलाई सह्य नहुने अध्यक्ष दाहालको भनाइ छ। संविधान संशोधनको सैद्धान्तिक विरोध नभए पनि जुन तरिकाका साथ दुई दल (नेपाली कांग्रेस र नेकपा (एमाले) अगाडि बढ्न खोजेका छन् त्यसले भने आफूहरूलाई संशय पैदा गरेको उहाँको कथन छ।

संविधानका मूलभूत प्रस्तावनालाई परिवर्तन गर्न खोज्ने, समावेशिता र समानुपातिक प्रतिनिधित्व, सङ्घीयता र गणतन्त्रको सकारात्मक पक्षलाई कमजोर पार्न खोज्ने प्रवृत्ति देखापरेको अध्यक्ष दाहालको भनाइ छ। उहाँले भन्नुभयो "संसद्को पहिलो र दोस्रो ठूलो दल मिल्नु स्वाभाविक मानिँदैन, लोकतन्त्रमा त भन्नु मानिँदैन तर त्यो अभ्यास गर्न खोजिएको छ।"

पछिल्ला दिनमा 'थ्रेसहोल्ड' बढाएर साना पार्टीलाई निस्तेज पार्ने र 'तथाकथित' रूपमा दुई दलीय प्रणाली ल्याएर पश्चिमा देशको जस्तो जबर्जस्ती गर्न खोजिएको आरोप लगाउँदै अध्यक्ष दाहालले त्यहीमार्फत देशलाई अधिनायकवादतर्फ लैजाने कोसिस भइरहेको टिप्पणी गर्नुभयो। नेकपाका संस्थापक महासचिव पुष्पलालको योगदानलाई केन्द्रमा राखेर पुनः वामपन्थी शक्तिबीचको एकता प्रक्रियालाई अगाडि बढाउन उहाँले सबैलाई आह्वान गर्नुभयो।

कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवालमा वामपन्थीहरूबीचको एकता, सहकार्यलाई थप सक्रियताका साथ अगाडि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो। उहाँले कम्युनिष्ट आन्दोलनभित्र देखापरेको अराजकता र व्यक्तिकेन्द्रित अहङ्कार र जनताको अधिकार खोस्न खोज्ने प्रवृत्तिका विरुद्ध साझा प्रतिवादको जरुरी रहेको बताउनुभयो।

एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनालले समाजवादी कार्यक्रमबाट मात्रै मुलुकमा देखापरेको राजनीतिक, आर्थिक, सामाजिक समस्याको समाधान हुने बताउनुभयो।नेकपा एकता अभियानका संयोजक वामदेव गौतमले शक्तिशाली कम्युनिष्ट पार्टी निर्माणको लक्ष्यसहित कार्यक्रम अगाडि बढाउन सबै वामपन्थी शक्तिलाई आह्वान गर्नुभयो।

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले को सही र को गलत कम्युनिष्ट भन्ने छुट्याउन नै समस्या भएको टिप्पणी गर्नुभयो ।कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का नेता भीम रावल, जसपाका नेता राजेन्द्र श्रेष्ठलगायतले पुष्पलालको योगदान र नेपालको कम्युनिष्ट आन्दोलनका बारेमा आफ्नो धारणा राख्दै समसामयिक राजनीतिक विषयमा टिप्पणी गर्नुभयो।रासस

# 'पार्टीलाई बलियो बनाउन वैचारिक शक्ति एक हुन आवश्यक छ'




चितवन। नेपाली कांग्रेसका नेता महेश आचार्यले कांग्रेसभित्र गुट-उपगुट हाबी हुँदा पार्टी अहिलेको अवस्थामा आएको बताउनुभएको छ। प्रजातान्त्रिक विचार समाज चितवनले शनिबार आयोजना गरेको २५औं साधारणसभा तथा वैचारिक कार्यक्रममा उहाँले पार्टीलाई बलियो बनाउन वैचारिक शक्ति एक हुन जरुरी रहेको बताउनुभयो।

उहाँले भन्नुभयो, "प्रजातान्त्रिक विचार समाजले कांग्रेसलाई सुधार गर्न लाग्नुपर्छ।" अहिले कांग्रेस-कम्युनिष्टहरूसँग नजिकिँदा यो अवस्था आएको भन्दै उहाँले अब कांग्रेसलाई सुधारको बाटोमा लैजान आवश्यक रहेको बताउनुभयो। आम जनताको गुनासो सुन्दै कांग्रेस सुधार गर्नु अहिलेको आवश्यकता रहेको उहाँको भनाइ थियो।

कांग्रेसका केन्द्रीय सदस्य डा गोविन्दप्रसाद पोखेलले अहिलेको बजेट र यसले समाजमा पार्ने प्रभावका बारेमा धारणा राख्नुभएको थियो। अर्का केन्द्रीय सदस्य टेकप्रसाद गुरुङले कांग्रेसभित्रको असहमति आपसी छलफलबाट टुङ्ग्याएर अघि बढ्नसके मात्रै राम्रो हुने बताउनुभयो। सहमति र छलफलका लागि मध्यस्थकर्ताको भूमिकामा विचार समाजले काम गर्नुपर्ने उहाँले बताउनुभयो।समाजका अध्यक्ष कुलचन्द्र वाग्लेले समाज पार्टीको भ्रातृ संस्था नभएको भन्दै पार्टीभित्रको समस्या समाधान गर्नुपर्छ भन्ने शुभेच्छा प्रकट गर्ने र मध्यस्थर्ताका भूमिका निर्वाह गर्ने बताउनुभयो।

सो अवसरमा समाजका निवर्तमान अध्यक्ष डा केदारनर सिंह केसीले वर्तमान राजनीतिक अवस्थाका सकारात्मक र सुधारात्मक पक्षका विषयमा आफ्नो धारणा राख्नुभएको थियो। समाजका जिल्ला अध्यक्ष सुरेशचन्द्र आचार्यको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाली कांग्रेसका नेता डा शोभाखर पराजुली, नेपाली कांग्रेस चितवनका सभापति राजेश्वर खनाललगायतले आफ्ना धारणा व्यक्त गर्नुभएको थियो।रासस

# नेपालीपनको समाजवादको कार्यान्वयन गर्नुपर्छ : अध्यक्ष नेपाल

काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले जनताको मुक्ति र नेपाली समाजको रूपान्तरणका लागि नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव पुष्पलालले सुरु गरेको आन्दोलनमा आज पनि उत्तिकै महत्त्वपूर्ण रहेको बताउनुभएको छ।

पुष्पलाल स्मृति प्रतिष्ठानद्वारा पुष्पलालको जन्म शताब्दीका अवसर आयोजित कार्यक्रममा उहाँले नेपाली जनतालाई राजनीतिक अधिकार तथा देशलाई समृद्ध बनाउन पुष्पलालले जीवनको अन्तिम घडीसम्म गरेको सङ्घर्षको यात्रा अविस्मरणीय रहेको बताउनुभयो। नेपाली समाजको चरित्र अझै पनि अर्धसमान्तवादी रहेको बताउँदै अध्यक्ष नेपालले यसको अन्त्यका लागि नेपालीपनको समाजवादको कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो।

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले पुष्पलालले नेपाली समाजको वस्तुनिष्ठ विश्लेषण गर्दै निरूपण गर्नुभएको नेपाली क्रान्तिको सिद्धान्तमा कम्युनिस्ट पार्टीहरू अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो। जनता समाजवादी पार्टीका नेता राजेन्द्र श्रेष्ठले मार्क्सवादी विचारधारालाई सैद्धान्तिक दृष्टिकोणले आफ्नो पार्टीले अवलम्बन गरेको बताउँदै नेपाली समाजको ऐतिहासिक भौतिकवादी ढङ्गले व्याख्या गर्न जरूरी रहेको बताउनुभयो।रासस

# आगामी निर्वाचनसम्मै कांग्रेस एमालेको सरकार : सञ्चारमन्त्री




काठमाण्डु। सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले मुलुक विकासका लागि कांग्रेस र एमालेको संयुक्त सरकार गठन भएको र यो आगामी निर्वाचनसम्मै रहने बताउनुभएको छ।

शनिबारदेखि सुरु भएको राष्ट्रिय युवासङ्घ नेपाल गण्डकी प्रदेशको प्रथम अधिवेशनको उद्घाटन गर्दै मन्त्री गुरुङले विकासको गति बढाउनका लागि दुई ठूल मिल्नुपरेको स्पष्ट पार्नुभयो ।सबै क्षेत्रको विकासमा सरकारले ध्यान दिने बताउँदै मन्त्री गुरुङले मुलुकलाई विकसित देशको दाँजोमा लैजानका लागि प्रतिबद्ध भएर लाग्ने बताउनुभयो। उहाँले प्रधानमन्त्री केपी ओलीलाई प्राप्त मत अझै थपिँदै जाने विश्वास व्यक्त गर्नुभयो।

प्रधानमन्त्रीले एक महिनाभित्रमा सबै मन्त्रीहरूलाई देखिनेगरी काम गर्न निर्देशन दिनुभएको र सोही अनुरूप मन्त्रीहरू अघि बढेकाले कामको गति देखिने मन्त्री गुरुङको भनाइ छ। उहाँले विकासका कार्यक्रमलाई तीब्ररूपमा अगाडि बढाएर सरकारले जनतामा आशाको सञ्चार गराउने अठोट लिएको बताउनुभयो ।कार्यक्रममा एमाले पोलिब्यूरो सदस्य तथा युवासङ्घका पूर्वअध्यक्ष महेश बस्नेतले देश बनाउने जिम्मा युवाहरूको काँधमा आएकाले सोही अनुरूप युवाहरू अग्रसर हुनुपर्नेमा जोड दिनुभयो। एमाले पार्टीले युवाहरूलाई विभिन्न अवसर दिँदै आएको उहाँको भनाइ छ।

सङ्घका केन्द्रीय पूर्वअध्यक्ष राजीव पहारीले युवाहरूले देश निर्माणमा ठूलो योगदान दिएको र राज्यले पनि सोही अनुरूप युवाहरूलाई अवसर प्रदान गर्नुपर्ने बताउनुभयो । त्यस्तै एमाले केन्द्रीय सदस्य तथा संविधानसभा सदस्य जमिन्द्रमान घले, एमाले गण्डकी प्रदेश सचिव धनजय दवाडीले युवासङ्घले जनतामा विश्वास जगाएर काम गर्नुपर्ने बताउनुभयो।रासस

# 'जनताको जीवनस्तर उकास्न सरकार प्रतिबद्ध छ'

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले जनताको जीवनस्तर उकास्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ।

बयालीसौँ बिपी स्मृति दिवसका अवसरमा नेपाली कांग्रेस धनकुटा-काठमाडौँसम्पर्कसमितिले शनिबार यहाँ आयोजना गरेको बधाई तथा सम्मान कार्यक्रममा उहाँले जनतालाई आर्थिक रूपमा सबल बनाउन सरकार प्रतिबद्ध रहेको बताउनुभयो।

"जनताको जीवनस्तर उकास्ने बाटोमा सरकार प्रतिबद्ध छ, तपाईँहरूले बधाई दिने गरी मन्त्रालयबाट बाहिरिनेगरी काम गर्छु", मन्त्री खड्काले भन्नुभयो। उहाँले ऊर्जा क्षेत्रको विकासका लागि पर्याप्त बजेट नभए पनि भएको बजेटलाई समयमै खर्च गर्नेगरी सरकारले काम गर्ने बताउनुभयो ।नेपाली कांग्रेस धनकुटाका पूर्वसभापति एवं संविधानसभा सदस्य मनोहरनारायण श्रेष्ठले जनताको मन जित्नेगरी सरकारले काम गर्नुपर्ने बताउनुभयो। उहाँले विधानअनुसार पार्टी सञ्चालन भएमात्र बलियो हुने उल्लेख गर्नुभयो।

सम्पर्क समितिका सभापति भीम सुयंल थापा, कांग्रेस धनकुटाका उपसभापति निर्मल ओझा, धनकुटा कांग्रेसका सचिव विजय सन्तोषी राईलगायतले पार्टीभित्रको गुटलाई अन्त्य गर्दै कांग्रेसलाई एकताबद्ध बनाएर लगेमात्र आगामी निर्वाचनमा कांग्रेस पहिलो पार्टी बन्ने बताउनुभयो।

सोही अवसरमा सम्पर्क समितिले नवनियुक्त ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री खड्कालाई सम्मान गरेको थियो । कार्यक्रममा कांग्रेस धनकुटाका पूर्वसभापति मनोहरलाल श्रेष्ठ, कांग्रेस नेता प्रा डा सुरेश आचार्य, श्रीहरि अधिकारी, गणेश निरौला, राजेन्द्रबहादुर प्रधान, रेवतीप्रसाद दाहाल, टङ्क दुवाडी, तिल महत, मदन घिमिरे, करुणा कटुवाल, विमला परियार, ममता राई, नन्दु राईलगायतलाई सम्मान गरिएको थियो।रासस

# अमेरिकी राष्ट्रपतीय निर्वाचनमा कमला ह्यारिसको उम्मेदवारी घोषणा

**एएनआई**

वासिङ्टन डीसी । अमेरिकी उपराष्ट्रपति कमला ह्यारिसले नोभेम्बरमा हुने अमेरिकी राष्ट्रपति चुनावका लागि आफ्नो उम्मेदवारीको आधिकारिक घोषणा गर्नुभएको छ ।

"आज, मैले संयुक्त राज्य अमेरिकाको राष्ट्रपति पदका लागि आधिकारिक रूपमा मेरो उम्मेदवारी घोषणा गर्ने फारममा हस्ताक्षर गरेको छु । म हरेक मत कमाउन कडा मेहनत गर्नेछु र नोभेम्बरमा हाम्रो जित हुनेछ", कमला ह्यारिसले आफ्नो पोस्टमा भन्नुभयो ।



नोभेम्बर ५ मा हुने अमेरिकी राष्ट्रपति चुनावमा उपराष्ट्रपति कमला ह्यारिसलाई डेमोक्र्याटिक पार्टीले आफ्नो उम्मेदवारको रूपमा समर्थन जनाएको छ ।

यसअघि शुक्रबार पूर्वअमेरिकी राष्ट्रपति बाराक ओबामाले अमेरिकी राष्ट्रपति पदका लागि कमला ह्यारिसलाई सार्वजनिक रूपमा समर्थन गर्नुभएको थियो ।

ओबामाले आफू र अमेरिकाकी पूर्वप्रथम महिला मिशेल ओबामाले नोभेम्बरमा हुने राष्ट्रपतीय निर्वाचनमा ह्यारिसको जीत सुनिश्चित गर्न आफूले सक्दो सहयोग गर्ने बताउनुभयो ।

यस हप्ताको सुरुमा ओभल अफिसबाट राष्ट्रलाई सम्बोधन गर्दै अमेरिकी राष्ट्रपति जो बाइडेनले कमला ह्यारिसलाई "महान उपराष्ट्रपति"को रुपमा सम्बोधन गर्नुभएको थियो ।

"उहाँ अनुभवी हुनुहुन्छ र राष्ट्रपति पदका लागि सक्षम हुनुहुन्छ", बाइडेनले भन्नुभएको थियो ।

यसबाहेक, ह्वाइट हाउसका प्रेस सचिव करिन जिन पियरेले डेमोक्र्याटिक पार्टीबाट राष्ट्रपति उम्मेदवारका लागि कमला ह्यारिसभन्दा योग्य अरु नभएको बताउनुभएको थियो ।

# ताइवानमा आँधीले आठ जनाको मृत्यु



**एएनआई**

ताइपेइ । ताइवानमा गेमी आँधीले कम्तीमा आठ जनाको मृत्यु भएको छ । केन्द्रीय आपतकालीन सञ्चालन केन्द्र (सिइओसी)को शुक्रबार जारी सिइओसीको तथ्याङ्कका अनुसार चक्रवातको कारण एक जना बेपत्ता हुनुका साथै आठ सय ६६ जना घाइते भएको फोकस ताइवानलाई रिपोर्ट गरेको छ ।

चक्रवात ताइवान छोडी चिनमा पुगेता पनि, मध्य र दक्षिणी ताइवानमा अविरल वर्षा जारी रहने फोकस ताइवानले रिपोर्ट गरेको छ ।

हताहतमा आँधी प्रभावित क्षेत्रमा चक्रवातका कारण भएका दुर्घटनामा परि मानिसहरुले ज्यान गुमाएको फोकस ताइवानले जनाएको छ ।

ज्यान गुमाउनेहरुको अहिलेसम्म पहिचान हुन नसकेको जनाउदै अनुसन्धान जारी रहेको फोकस ताइवानले रिपोर्ट गरेको छ ।

फोकस ताइवानका अनुसार अझै पनि अधिकारीहरूले बेपत्ताहरुको खोजि गरिरहेका छन् ।

सिइओसीका अनुसार आँधीका कारण विस्थापित भएका एक अजार २३२ हजार जनालाइ सुरक्षित राख्नका लागि २७९ वटा आपतकालीन शिविर निर्माण गरिएको छ । केन्द्रले ताइवानको पूर्वी र दक्षिणी भागमा अझै पनि अत्यधिक भारी वर्षा हुने सम्भावना रहेको जनाएको छ ।

# ओलम्पिक उद्घाटनमा गलत परिचय गराएकोमा आइओसीले माग्यो दक्षिण कोरियासँग माफी

**एएफपी**

सियोल । अन्तर ाष्ट्रिय ओलम्पिक कमिटी (आइओसी)ले शनिबार पेरिस ओलम्पिकको उद्घाटन समारोहमा दक्षिण कोरियाली खेलाडीलाई उत्तर कोरियाली भनेर गलत परिचय गराइएकोमा माफी मागेको छ ।

फ्रान्सको राजधानीमा आयोजित ओलम्पिकको उद्घटनमा दक्षिण कोरियाली प्रतिनिधिमण्डललाई उत्तर कोरियाको आधिकारिक नामले परिचय गराइएको थियो ।

"उद्घाटन समारोहका क्रममा दक्षिण कोरियाली टोलीको परिचय गराउँदा भएको गल्तीका लागि हामी माफी माग्छौं", आइओसीले आफ्नो आधिकारिक कोरियाली भाषाको एक्स खातामा एक पोस्टमा भन्यो ।

आइओसीको यस त्रुटिले दक्षिण कोरियामा अप्रसन्न प्रतिक्रिया निम्त्याएको छ ।



"सन् २०२४ पेरिस ओलम्पिकको उद्घाटन समारोहमा दक्षिण कोरियाली प्रतिनिधिमण्डललाई उत्तर कोरियाली टोलीको रूपमा प्रस्तुत गरिएकोमा खेद व्यक्त गर्दछौं", दक्षिण कोरियाको खेलकुद मन्त्रालयले एक विज्ञप्तिमार्फत जनाएको छ ।

देशको उप-खेलकुद मन्त्री जाङ मि-रानले यस विषयमा छलफल गर्न आइओसी प्रमुख थोमस बाखसँग छलफल गर्ने बताउनुभएको छ ।

दक्षिण कोरियाको राष्ट्रिय ओलम्पिक कमिटीले पनि पेरिस ओलम्पिक आयोजक समिति र आइओसीसँग भेट गरेर यस्तो गल्तीको पुनरावृत्ति रोक्न अनुरोध गर्ने र आफ्नो प्रतिनिधिमण्डलका प्रमुखको नाममा आधिकारिक विरोध पत्र पठाउने योजना बनाएको सियोलको खेल मन्त्रालयले जनाएको छ ।

# सर्बियामा भ्यान पल्टिँदा नेपालीसहित ३० यात्रु घाइते



**एएफपी**

बेलग्रेड । दक्षिणपूर्वी सर्बियामा एक यात्रुबाहक भ्यान पल्टिँदा ३० जना अफगानी र नेपाली आप्रवासी घाइते भएका सर्बियाको आरटीएस टेलिभिजनले शनिबार जनाएको छ ।

आरटीएसका अनुसार तीन जना आप्रवासी अस्पतालमै रहेका छन् भने अन्यलाई सामान्य उपचारपछि शरणार्थीका लागि सञ्चालन गरिएको 'रिसेप्सन सेन्टर' मा राखिएको छ ।

ती आप्रवासी नेपाल र अफगानिस्तानबाट आएका पुरुष रहेको आरटीएसले जनाएको छ ।

गत शुक्रबार पनि बेला पलाका शहर नजिकैको राजमार्गमा करिब ५० आप्रवासी बोकेको भ्यान सडकबाट चिप्लिएर दुर्घटना भएको थियो ।

सर्बिया युरोपेली सङ्घ (ईयू) तर्फ जाने आप्रवासीहरूले प्रयोग गर्ने बाल्कन मार्गमा रहेको छ ।

सन् २०२३ मा करिब एक लाख आप्रवासीले यो मार्ग प्रयोग गरेको ईयूको सीमा निगरानी निकाय फ्रन्टेक्सले जनाएको छ ।

# सुरक्षाका लागि विद्यार्थी नेतालाई पक्राउ गरिएको बङ्गलादेशको प्रशासनको दाबी

**एएफपी**

ढाका । बङ्गलादेशमा निजामती सेवामा आरक्षण (कोटा) प्रणालीको विरोधमा भएको प्रदर्शनले देशव्यापी अशान्ति मच्चाएपछि तीन विद्यार्थी नेतालाई उनीहरूको सुरक्षाका लागि नै हिरासतमा लिइएको बङ्गलादेशको प्रशासनले जनाएको छ ।


'स्टुडेन्ट्स अगेन्स्ट डिस्क्रिमिनेसन'का प्रमुख नाहिद इस्लाम र प्रदर्शन समूहका अन्य दुई वरिष्ठ सदस्यलाई शुक्रबार अस्पतालबाट जबर्जस्ती डिस्चार्ज गरिएको र सादा पोशाकमा आएका प्रहरीले उनीहरूलाई लिएर गएका थिए ।

सडक प्रदर्शनमा प्रहरीले व्यापक दमन गरेको छ । अस्पताल र प्रहरीले एएफपीलाई दिएको तथ्याङ्कअनुसार प्रदर्शनका क्रममा सुरक्षाकर्मी र प्रदर्शनकारीबीच केही दिनयता चलेको झडपमा कम्तीमा २०१ जनाको मृत्यु भएको थियो ।

इस्लामले यसै साताको सुरूमा एएफपीसँग कुरा गर्दै उहाँको राजधानी ढाकाको एक अस्पतालमा उपचार भइरहेको बताउनुभएको थियो ।

इस्लाम र उहाँका दुई सहकर्मीलाई हिरासतमा लिएको भन्ने कुरा प्रहरीले सुरुमा अस्वीकार गरेको थियो तर गृहमन्त्री असदुज्जमान खानले शुक्रबार अबेर पत्रकारसँग कुरा गर्दै भन्नुभयो, "केही मानिसहरूले उनीहरूलाई धम्की दिएको र उनीहरूले असुरक्षित महसुस गरिरहेको सूचनापछि सुरक्षाकर्मीको नियन्त्रणमा राखिएको हो ।"

उहाँले भन्नुभयो, "उनीहरूको सुरक्षाको लागि धम्की कसले दिइरहेको छ भनेर पत्ता लगाउन सोधपुछ आवश्यक छ । सोधपुछपछि हामी अर्को कदम चाल्नेछौं ।"



खानले तीनै जनालाई औपचारिक रुपमा पक्राउ गरिएको हो वा होइन भन्ने पुष्टि गर्नुभएको छैन ।

गत हप्ता ढाकाका प्रदर्शनकारी र दङ्गा प्रहरीबीच सडक सङ्घर्ष भएको र सरकारी भवन र प्रहरी चौकीमा आगजनीसमेत भएको थियो ।

आन्दोलनमा सहभागिता बढ्न थालेपछि हसिना प्रशासनले सेना परिचालन गरेको, देशव्यापी इन्टरनेट अवरोध गरेको र शान्ति बहालीका लागि भन्दै कर्फ्यू आदेश जारी गरेको थियो ।

प्रहरी र सरकार समर्थित विद्यार्थी समूहले गत हप्ताभन्दा पहिले शान्तिपूर्ण रूपमा रहेको 'स्टुडेन्ट्स अगेन्स्ट डिस्क्रिमिनेसन'द्वारा आयोजित सडक र्‍यालीमा आक्रमण गरेपछि अशान्ति सुरु भएको थियो ।

समूहका प्रमुख संयोजक २६ वर्षीय इस्लामले सोमबार अस्पतालको शय्याबाट एएफपीसँग कुरा गर्दै उहाँको जीवनमाथि खतरा रहेको बताउनुभएको थियो ।

दुई दिनअघि प्रहरी जासुस दावी गर्ने एक समूहले आफूलाई आँखामा पट्टी बाँधी, हत्कडी लगाई अर्को दिन बिहान रिहा हुनुअघि यातना दिन अज्ञात स्थानमा लगेको उहाँले बताउनुभयो ।

प्रदर्शनको नेतृत्व गरेका अर्का सदस्य आसिफ महमुदले एएफपीसँग कुरा गर्दै गत साताको अशान्तिका बेला आफूलाई पनि प्रहरीले हिरासतमा लिएको र कुटपिट गरेको बताउनुभएको थियो ।

अशान्ति सुरु भएयता प्रहरीले कम्तीमा चार हजार ५०० जनालाई पक्राउ गरिसकेको छ । "हामीले राजधानीमा छापा मारेका छौँ र अपराधीलाई पक्राउ नगरेसम्म हामी छापा मार्ने क्रम जारी राख्नेछौँ,' ढाका महानगरीय प्रहरीका संयुक्त आयुक्त विप्लवकुमार सरकारले एएफपीसँग बताउनुभयो ।

उहाँले सुरक्षाकर्मीले सामान्य विद्यार्थीलाई पक्राउ नगर्ने तर सरकारी सम्पत्तिमा तोडफोड गर्ने र आगजनी गर्नेहरूलाई मात्र पक्राउ गरिने बताउनुभयो ।

# एन्ड्रिक रियलको खेलाडीका रूपमा सार्वजनिक

**एजेन्सी**

युवा ब्राजिलियन स्ट्राइकर एन्ड्रिक रियल म्याड्रिडको नयाँ खेलाडीका रूपमा सार्वजनिक भएका छन् ।

रियलले क्लबको स्टेडियम सान्टियागो बर्नबिउमा एक समारोहका बीच उनलाई सार्वजनिक गरेको हो ।

१८ वर्षीय स्ट्राइकर एन्ड्रिक ब्राजिलियन क्लब पाल्मिरासबाट रियल पुगेका हुन् । सम्झौता भएको ५ सय ८४ दिन पछि उनले क्लबसँगको सम्झौतामा हस्ताक्षर गरेका हुन् ।

रियलले ७० मिलियन युरोमा उनलाई अनुबन्ध गरेको युरोपेली संचार माध्यमहरुले सार्वजनिक गरेका थिए । उनलाई रियलले १६ वर्षका हुँदा क्लबमा ल्याउने सम्झौता गरेपनि फिफा नियमहरूले १८ वर्ष भन्दा कम उमेरका खेलाडीहरूलाई विदेश स्थानान्तरण गर्न रोक्ने हुँदा एन्ड्रिकले रियल जानको लागि आफ्नो १८औं जन्मदिनसम्म कुर्नुपरेको थियो ।




१८ महिनाअघि सम्झौता भएको बेला एन्ड्रिकले दुई महिना मात्र सिनियर फुटबल खेलिरहेका थिए । यद्दपी त्यसयता उनले दुई पटक ब्राजिलियन सिरी ए र पाल्मिरासका लागि ब्राजिलियन सुपर कप जितेका छन् ।

आफ्नो मातृभूमिमा खेल्दै छोटो अवधिमा एन्ड्रिकले पाल्मिरासका लागि सबै प्रतियोगिताहरूमा ८२ खेलहरूमा २१ गोल गरेका थिए ।

केवल १७ वर्षको उमेरमा उनले नोभेम्बरमा कोलम्बिया विरुद्ध ब्राजिल राष्ट्रिय टोलीको लागि डेब्यु गरेका थिए ।

यो सिजन रियलले यसअघि नै किलियन एम्बाप्पेलाई क्लबमा भित्र्याइसकेको छ ।

# दक्षिण-पूर्वी एसियामा बढ्दो हेपाटाइटिस सङ्क्रमणको रोकथाम आवश्यकः डब्लुएचओ

**एएनआई**


नयाँदिल्ली । विश्व स्वास्थ्य सङ्गठनले शनिबार दक्षिण-पूर्वी एसियाली मुलुकलाई बढ्दो हेपाटाइटिस 'बी' र 'सी' सङ्क्रमणको रोकथाम र उपचारका लागि विश्वव्यापी पहुँच आवश्यक रहेको बताएको छ ।

हेपाटाइटिसको रोकथाम र उपचार सम्भव भएपनि यसको दीर्घकालीन सङ्क्रमणले दक्षिण पूर्वी एसियाली क्षेत्रमा कलेजोको क्यान्सर र 'कलेजो फेल' जस्ता गम्भीर रोगले मृत्यु निम्त्याइरहेको डब्ल्यूएचओको विज्ञप्तीमा उल्लेख छ ।

विज्ञप्तीका अनुसार पछिल्लो समय यस क्षेत्रमा कलेजोको क्यान्सर मृत्यु निम्त्याउने चौथो ठुलो कारण बनेको छ । हेपाटाइटिस बी र सी सङ्क्रमणले यस क्षेत्रको लगभग ७५ प्रतिशत मानिसहरुको कलेजो फेल हुने गरेको विज्ञप्तीमा उल्लेख गरिएको छ ।

सन् २०२२ मा यस क्षेत्रका ७०.५ मिलियन मानिसले भाइरल हेपाटाइटिस बी र सी सङ्क्रमण सामना गरिरहेका थिए ।

विश्वव्यापी रूपमा हेपाटाइटिस बी र सीले प्रति दिन तीन हजार




५०० को मृत्यु हुने र प्रत्येक दिन छ हजार हेपाटाइटिसको नयाँ संक्रमित भेटिने गरेका छन् ।

कोभिड-१९ पछि सन् २०२२ मा सङ्क्रामक रोगहरूमा भाइरल हेपाटाइटिस र क्षयरोग मृत्युको दोस्रो प्रमुख कारण बनेको छ । यद्यपी प्रारम्भिक उपचारबाट हेपाटाइटिस बी र सी सङ्क्रमण नियन्त्रण गर्न सकिने डब्लुएचओले जनाएको छ ।

डब्लुएचओका अनुसार दक्षिण-पूर्वी एसियामा हेपाटाइटिस बी र सी परीक्षण र उपचारको पहुँच कम छ । हेपाटाइटिस सङ्क्रमणबाट विशेषतःनवजात शिशु र बालबालिका उच्च जोखिममा छन् ।

"भाइरल हेपाटाइटिस यस दशकको प्रमुख जनस्वास्थ्य चुनौती हो। तर जनस्वास्थ्यको दृष्टिकोण र स्वास्थ्य क्षेत्रमा विश्वव्यापी लगानीको बृद्धिले सन् २०३० सम्ममा भाइरल हेपाटाइटिसको उन्मूलन सम्भव छ", डब्लुएचओका क्षेत्रीय निर्देशक साइमा बाजेदले बताउनुभयो ।

"आज जीवन बचाउनु र भावी पुस्ताको स्वास्थ्यको रक्षा गर्नु हाम्रो सामुहिक जिम्मेवारी हो", उहाँले भन्नुभयो ।

# इजरायली सेनाद्वारा गाजामा पुनः निकासीको आदेश जारी

**एएफपी**

गाजा । गत बुधबार पाँचवटा इजरायलीको शव बरामद गरेसँगै नयाँ कारबाहीको चेतावनी पछि इजरायली सेनाले शनिबार दक्षिणी गाजाको खान युनिस सहरका बासिन्दालाई पुनः नयाँ निकासी आदेश जारी गरेको छ ।

गत सोमबार सेनाले यस क्षेत्रमा कारबाही सुरु गरेदेखि लडाइँका कारण एक लाख ८० हजारभन्दा बढी प्यालेस्टिनी विस्थापित भएको संयुक्त राष्ट्रसङ्घले जनाएको छ ।

प्यालेस्टिनी क्षेत्रमा डरलाग्दो स्वास्थ्य र सरसफाइको अवस्था रिपोर्ट गर्दै राष्ट्र सङ्घले निकासी आदेश र शत्रुतापुर्ण ब्यवहारले सहायता कार्यलाई अस्थिर बनाएको उल्लेख गरेको छ ।


सुरक्षित मानवीय क्षेत्र घोषित क्षेत्रसहित खान युनिस क्षेत्रमा सेनाले निकासी चेतावनी दिएपछि स्वास्थ्य मन्त्रालयले सोमबार खान युनिसमा इजरायली कारबाहीमा ७० जनाको मृत्यु हुनुका साथै २०० भन्दा बढी घाइते भएको जनएको छ ।

सुरुवाती समयमा तिव्र लडाइँ भएको त्यस क्षेत्रबाट इजरायलतर्फ रकेट फायर रोक्न कार्य गर्ने जनाउदै सेनाले निकासी आदेश दिएको छ ।

शनिबार, सेनाले खान युनिसका बासिन्दालाई अल-मवासीको समायोजित मानवीय क्षेत्र खाली गर्न दिएको आदेश - दोस्रो आदेश हो ।

प्रत्यक्षदर्शी र उद्धारकर्ताहरूले शुक्रबार पूर्वी खान युनिस वरपर लडाइँ जारी रहेको र सहरको नासेर अस्पतालमा चिकित्सकले दक्षिणी प्रान्तका विभिन्न भागहरूबाट कम्तिमा ज्ञट शवहरू ल्याइएको रिपोर्ट गरेको बताए ।

॥ हार्दिक श्रद्धाञ्जली ॥



स्व. विनोद कुमार कर्ण (रामजी)

श्री चित्रगुप्त सेवा समिति जनकपुरधामक पूर्व अध्यक्ष **विनोद कुमार कर्ण (रामजी)** दिनांक २०८१/०४/०२ गते बुध दिन भिनसर मे बैकुण्ठ लोकके लेल महाप्रस्थान केलैन हुनक आत्माक चिरशान्ती कल कामनाक संग १२ हम दिनक पूण्य तिथिक उपलक्ष्यमे हार्दिक श्रद्धाञ्जली अर्पण करैत छी ।

**नागेन्द्र लाल कर्ण**
अध्यक्ष
तथा समिति परिवार
श्री चित्रगुप्त सेवा समिति, जनकपुरधाम

# स्मार्टफोन, हेडफोन र चार्जर खरिदमा बाहिरियो ३१ अर्बभन्दा बढी



काठमाण्डु । गत आर्थिक वर्ष २०८०/८१ मा स्मार्टफोन, हेडफोन र मोबाइल चार्जरको आयातमा मात्र मुलुकबाट करिब रु साढे ३१ अर्ब बाहिरिएको छ। भन्सार विभागले सार्वजनिक गरेको गत आवको वैदेशिक व्यापारसम्बन्धी तथ्याङ्कअनुसार नेपालले बढी आयात गर्ने वस्तुहरुमा पेट्रोलियम पदार्थ र फलामजन्य वस्तुपछि तेस्रो स्थानमा स्मार्टफोन छ।

गत आवमा स्मार्टफोन आयातमा मात्र रु २८ अर्ब ६६ करोड ६२ लाख ३५ हजार बराबर बाहिरिएको हो। यस अवधिमा १८ लाख ३९ हजार ३५ सेट स्मार्टफोन नेपाल भित्रिएका छन्। स्मार्टफोनको आयात सरकारले रु पाँच अर्ब ३३ करोड ९४ लाख बराबर भन्सार राजस्व उठाएको पनि विभागको तथ्याङ्कबाट देखिन्छ। गत आवमा रु एक अर्ब ४२ करोड ९० लाख ८५ हजार बराबरको १७ लाख ५८ हजार छ सय ९० सेट टेलिफोन आयात भएका छन्।

त्यस्तै, हेडफोन आयातमा मात्र रु ६५ करोड ९३ लाख २८ हजार विदेशिएको छ। एक वर्षमा २९ लाख ९६ हजार दुई सय २९ वटा हेडफोन आयात गर्दा सरकारले रु २१ करोड नौ लाख २३ हजार भन्सार राजस्व सङ्कलन गरेको छ। गत आवमा मोबाइल रु ५० करोड ७१ लाख ६३ हजार बराबरको ४३ लाख ८२ हजार आठ सय ३९ वटा चार्जर आयात भएको छ। चार्जर आयातबाट मात्र रु १५ करोड ५७ लाख १० हजार राजस्व सङ्कलन भएको छ। गत आवमा रु ३५ करोड ५१ लाख ४८ हजार बराबरको दुई लाख ३९ हजार छ सय ६९ वटा स्मार्टवाच आयात भएको छ।रासस

# पूर्वीनाका काँकडभिट्टाबाट रु तीन अर्बको प्लाइउड र भेनियर निर्यात

झापा।आर्थिक वर्ष २०८०/८१ मा पूर्वीनाका काँकडभिट्टाबाट रु दुई अर्ब ९६ करोड ४१ लाख ९४ हजार मूल्य बराबरको ९९ हजार आठ सय एक मेट्रिक टन काठका सामान भारत निर्यात भएको छ।

पूर्वीपहाडको खेतबारीमा उत्तिसलगायत छिटो हुर्किने बिरुवा लगाएर प्लाइउड उत्पादन हुँदै आएको छ। काठको पाताबाट भेनियर उड उत्पादन हुने र भेनियर उडलाई प्रशोधन गरेर प्लाइउड बनाउने गरिन्छ। सोही अवधिमा रु २४ करोड १९ लाख ३४ हजार मूल्य बराबरको २१ हजार नौ सय ९४ मेट्रिक टन भेनियर उड भारत निर्यात भएको थियो भने रु दुई अर्ब ७१ करोड ९९ लाख २० हजार मूल्य बराबरको ७७ हजार सात सय १२ मेट्रिक टन प्लाइउड निर्यात भएको प्लान्ट क्वारेन्टिन कार्यालय काँकडभिट्टाका सूचना अधिकारी चन्द्रेश्वर यादवले जानकारी दिनुभयो।

यस्तै, रु चार लाख ५९ हजार मूल्य बराबरको ९२ मेट्रिक टन प्लाइउड उत्पादन गर्ने क्रममा निस्कने काठको धुलोसमेत र रु १८ लाख ८२ हजार मूल्य बराबरको तीन मेट्रिक टन काठबाट बनेका हस्तकलाका सामान भारत निर्यात गरिएको उहाँले जानकारी दिनुभयो।मेची उद्योग वाणिज्य सङ्घका अध्यक्ष खेमराज प्रसाईले भारतीय मुद्रा आर्जन गर्न र व्यापार घाटा न्यूनीकरण गर्न प्लाइउडलगायत काठजन्य उत्पादनको निर्यातले ठूलो योगदान पुर्याएको बताउनुभयो। केही वर्षयता प्लाइउडको व्यापारमा उतारचढाव आइरहे पनि कच्चापदार्थको सङ्कलन र निर्यातमा अवरोध नभएको उहाँको भनाइ छ।

खेतबारीमा अन्नबाली रोप्दा बाँदर र वन्यजन्तुले नाश गरिदिने समस्या भोगिरहेका यहाँका किसानले रुखोपाखो बारीमा छिटो हुर्किने उत्तिसलगायत बिरुवा रोप्न थालेका छन्। यसबाट पर्यावरण संरक्षण र किसानको जीविकोपार्जनका क्षेत्रमा योगदान पुगिरहेको अध्यक्ष प्रसाईले बताउनुभयो। झापा, इलाम, पाँचथर र ताप्लेजुङबाट सङ्कलन गरिएका काठबाट बनेका प्लाइउडलगायत काठजन्य उत्पादन पूर्वीनाका काँकडभिट्टा र तराईका अन्य नाकाबाट समेत भारततर्फ निर्यात भइरहेका छन्।रासस

# पुष्पखेती प्रवर्द्धनका लागि विदेशी नर्सरी प्राविधिकबाट प्रशिक्षण



काठमाण्डु । फ्लोरिकल्चर एशोसिएसन नेपालले पुष्पखेतीको थप विकास र विस्तारका लागि विदेशी नर्सरी प्राविधिकको टोलीसहित विभिन्न जिल्लामा प्रशिक्षण सञ्चालन गरिरहेको छ।

हरेक वर्ष बढिरहेको बजार मागलाई स्वदेशी उत्पादनले धान्नका लागि फूलखेतीको थप विकास र माटो सुहाउँदो उत्पादन बढाउन नेदरल्याण्ड्सबाट दक्ष प्राविधिकसहितको टोलीले तालिम दिइरहेको एशोसिएसनका अध्यक्ष मीनबहादुर तामाङले जानकारी दिनुभयो । अहिले चितवन र इलाममा तालिम सकिएको छ भने अन्य केही जिल्लामा पनि सञ्चालन गर्ने तयारी छ।

हरेक वर्ष १५ देखि २० प्रतिशतसम्म फूलको माग बढ्ने गरेको छ । उक्त माग धान्नका लागि उत्पादन बढाउनुपर्ने अवस्था छ । त्यसैले सम्भावित जिल्लामा विदेशी विज्ञबाटै तालिम सञ्चालन गरिएको अध्यक्ष तामाङले भन्नुभयो । तिहारमा प्रयोग हुने मखमली र गोदावरी फूल स्वदेशी उत्पादनले पुग्ने गरेको भए पनि तिहारमै प्रयोग हुने सयपत्री र अन्य समयमा प्रयोग हुने रातो गुलाफ भने छिमेकी मुलुक भारतबाट ल्याउनुपर्ने बाध्यता अझै नटरेको तामाङ बताउनुभयो।

नेपालमा विसं २००७ देखि सुरु भएको पुष्प व्यवसाय सहरीकरणको विकास तथा विस्तारसँगै फस्टाउँदै गएको भए पनि बजार मागअनुसार स्वदेशी उत्पादनले नै धान्न सक्ने अवस्था नभएको एशोसिएसनले बताएको छ । फूलको मागमा आएको वृद्धिसँगै विशेषगरी काठमाडौँ, ललितपुर, भक्तपुर, कास्की, चितवन, मकवानपुर, काभ्रेपलाञ्चोक, गुल्मी, पाल्पा, धादिङ, मोरङलगायत ५२ जिल्लामा लगभग पाँच सय नर्सरी विस्तार भएका छन्।

व्यावसायिक रूपमा चार सय ५० प्रजातिका फूल नेपालमा उत्पादन हुँदै आएको छ । यस व्यवसायबाट ४४ हजारभन्दा बढी व्यक्तिले प्रत्यक्ष अप्रत्यक्ष रूपमा लाभ लिएको बताइएको छ। नेपालमा लगभग दुई सय ४० हेक्टर क्षेत्रफलमा एक हजार एक सय १६ व्यवसायीले यसको खेती गर्दै आएका छन्।

वर्षाको समयमा कटफ्लावरको बिक्री बढी

अन्य समयमा भन्दा वर्षात्को समयमा सजावटका लागि प्रयोग गरिने (कट फ्लावरको) व्यापार बढी हुने बताइएको छ। वर्षाको समयमा उत्सव कम हुने भएकाले अन्य फूल कम बिक्री भए पनि कटफ्लावर बढी बिक्री हुने गरेको छ। अहिले अन्य फूल लगाउने समय भएकाले बेर्ना बिक्री हुने गरेको छ। आर्थिक वर्ष २०८०/८१ मा पुष्प व्यवसायमा रु तीन अर्ब ६८ करोड ७२ लाखको कारोबार भएको छ।रासस

# दुई हजार रोपनीमा फलफूल बगैँचा स्थापना



दमौली । तनहुँमा एक वर्षको अवधिमा दुई हजार बढी रोपनी क्षेत्रफलमा फलफूल, लिची, आँप आदिको क्षेत्र विस्तार गरिएको छ। कृषि ज्ञान केन्द्रको सहयोगमा सञ्चालित फलफूल बगैँचा स्थापना तथा विस्तार कार्यक्रमबाट तीन कृषक समूह, २८ कृषि फर्म र एक सहकारीका गरी एक सय ७८ घरधुरी लाभान्वित भएका छन्।

यस कार्यक्रमबाट दुई हजार ३६ रोपनी क्षेत्रफलमा सुन्तला जातका फलफूल खेतीको विस्तार भएको कृषि ज्ञान केन्द्र प्रमुख गोपाल शर्मा लामिछानेले जानकारी दिनुभयो। यस कार्यक्रमका लागि आर्थिक वर्ष २०८०/८१ मा रु ४५ लाख विनियोजन गरिएकामा रु ३० लाख २५ हजार छ सय २९ खर्च भएको लामिछानेको भनाइ छ। कृषकलाई फलफूल खेतीमा आकर्षित गराउँदै आत्मनिर्भर बनाउन फलफूल बगैँचा स्थापना तथा विस्तारका लागि सहयोग गरिएको लामिछानेले उल्लेख गर्नुभयो। कार्यक्रमअन्तर्गत कृषकलाई दुई हजार एक सय १५ कागती बिजु बिरुवा, दुई हजार पाँच सय कलमी बिरुवा, पाँच सय १५ लिची, छ हजार दुई सय ४५ बिजु बिरुवा र नौ सय ८५ कलमी बिरुवा वितरण गरिएको थियो।

त्यस्तै सात सय ८० निबुवाका बिजु बिरुवा, एभोकाडो दुई सय ९५, आँप एक सय ३०, मेवा चार सय ५०, मेकाडेमिया १०, कटहर १०, केरा दुई हजार आठ सय ७०, जुनार तीन सय ७०, अम्बा दुई सय ५०, सिउँडीफूल एक हजार एक सय ५० गरी १८ हजार छ सय ३५ बिरुवा वितरण गरिएको लामिछानेले बताउनुभयो।

कृषक समूहमार्फत पानी तान्ने मोटर पाँच, खाडल खन्ने मेसिन तीन, मिनिटिलर पाँच, स्प्रेयर १४, हजारी चार, डिजिटल तराजु एक, निलोतुथो २५ किलो, कृषि चुन एक सय किलो, हिल ट्याङ्की ६२, गोठे मल ९१ हजार पाँच सय किलो, ठेलागाडा ११, सिकेचर ४३, प्लाष्टिक पोखरी तीन खरिद गरिएको थियो । यसैगरी कार्यालयले फलफूल बगैँचा व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रम अन्तर्गत कृषकलाई रु ३८ लाख २१ हजार तीन सय ४१ वितरण गरेको छ। कार्यक्रमका लागि रु ५२ लाख बजेट रहे पनि ७३ दशमलव ४८ प्रतिशत मात्रै खर्च भएको लामिछानेको भनाइ छ।

यस कार्यक्रमबाट चार कृषक समूह र ५३ कृषि फार्मका गरी एक सय ५३ घरधुरी लाभान्वित भएका छन् । कार्यक्रमबाट आठ सय ३२ रोपनी क्षेत्रफलमा सुन्तला व्यवस्थापन तथा सुदृढीकरणसम्बन्धी कार्यक्रम सम्पन्न भएको कृषि ज्ञान केन्द्रले जनाएको छ । यो कार्यक्रमबाट कृषकलाई छ थान पानी तान्ने मोटर, १२ थान स्प्रिङ्कल सिँचाइ, निलोतुथो दुई सय किलो, मिनीटिलर १२, डिजिटल तराजु १२, सिकेचर ४२, प्लास्टिक पोखरी एकलगायत वितरण गरिएको थियो।रासस

# कृषि उपजलाई बजार अभाव



म्याग्दी । पन्ध्र वटा मुर्रा भैँसी र आठ वटा होलिस्टिन जातका गाईपालन गर्नुभएका अन्नपूर्ण गाउँपालिका-६ बिरौटाका कृष्ण र शिव बरुवालले सञ्चालन गरेको धौलागिरि बहुउद्देश्यीय कृषि फार्ममा दैनिक एक सय ४० लिटर दूध उत्पादन हुन्छ।

बेनी बजारमा प्रतिलिटर रु एक सय ४० का दरले दूध बिक्री हुन्छ तर खड्का दाजुभाईले प्रतिलिटर रु एक सय २० मा बिक्री गर्दा पनि बजार पाउनुभएको छ । "नजिकैको पोखरेबगर, भुरुङ-तातोपानी, नारच्याङ र बासबोटमा घरघरमा लगेर जाँदा पनि दूध कटाउन समस्या भएपछि पोखरेबगरमा डेरी खोलेको छु", उहाँले भन्नुभयो, "बर्खायाममा दूध धेरै हुँदा घ्यू बनाएर बेच्ने गरेका छौँ।"

एक वर्षअघि दुई सय २२ वटा बोयर जातका बाख्रा भएको बेनी नगरपालिका-४ डाडाखेतको एकता एग्रो फार्ममा यसपाली एक सय ८२ वटा मात्र छन् । मासुका लागि खसीबोका र पाल्ने पाठीहरुको माग घटेपछि बाख्राको स्᳭या घटाउँदै लगेको फार्मका सञ्चालक महेन्द्र बानियाँले बताउनुभयो।

दुईसय५०बोटकिवीलगाएका बेनी नगरपालिका-३ भकिम्लीका लालबहादुर पुनले गत हिउँदमा फलेको १० क्वीन्टल किवी बेच्न पोखरामा भौतारिनुभयो । "व्यापारीले मसँगबाट प्रतिकिलो रु एक सय ५० का दरले किनेको किवी आँखै अगाडि रु दुई सय ५० का दरले बेचेको टुलुटुल हेरेर बस्नुपऱ्यो", उहाँले भन्नुभयो, "बजारमा लगेको किवी कुहाएर फाल्नु र घर ल्याउनुभन्दा व्यापारीले जति भने त्यति मूल्यमा बेचेर आए।"

भकिम्लीमा २० घरधुरीले व्यावसायिक किवी खेती गरेका छन् । यसवर्ष उत्पादन बढे पनि कसरी बजारको चिन्ताले सताएको पुनले बताउनुभयो । बिरौटाका खड्का दाजुभाई, डाडाखेतका बानियाँ र भकिम्लीका लालबहादुर कृषि उपजले बजार र उचित मूल्य नपाउँदा मर्कामा परेका म्याग्दीका प्रतिनिधि कृषक हुन्।

बीस वर्षदेखि व्यावसायिक तरकारी खेती गर्दै आएका बेनी नगरपालिका-२ रोहोटेका चन्द्रबहादुर घिमिरेले स्थानीयभन्दा आयातित फलफूल र तरकारी सस्तोमा पाइने हुँदा प्रतिस्पर्धा गर्न नसकेर किसानपलायन हुनुपर्ने अवस्था आएको बताउनुभयो। सडक यातायातको सहज पहुँच नभएको, भण्डारण र बजारको असुविधाका कारण बर्खायाममा कृषकले उत्पादन गरेको आलु, बन्दा, दूधलगायत कृषि उपजको बजारीकरणमा समस्या भएको हो।

म्याग्दी उद्योग वाणिज्य सङ्का अध्यक्ष सुविन श्रेष्ठले गत हिउँदमा कृषक र व्यापारीलाई सम्पर्क गराएर आलु बिक्री गर्ने वातावरण बनाएको बताउँदै कृषि उपजको बजारीकरणका लागि स्थानीय तह, कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले विशेष योजना बनाउनुपर्ने बताउनुभयो। रासस

# माछाका परिकारले बढाए पर्यटक



गण्डकी । पोखराको विजयपुरवारीको लेखनाथ क्षेत्र सात तालबाट चर्चित छ । यहाँकासातवटैतालरामसारसूचीमासूचीकृत छन् । तर लेखनाथ क्षेत्रमा तालका कारण नभइ यहाँका पाइने माछाका परिकारले चर्चित छ । माछाका स्वादिला परिकारकै कारण पर्यटकीय गतिविधि बढेको यहाँका पर्यटन व्यवसायीहरुको तर्क छ। यहाँ आउने अधिकांश पर्यटक तालका कारणभन्दा पनि माछाका परिकार खान आउने गरेको उनीहरुको बुझाइ छ।

तालमा पर्याप्त माछा पाइने भएकाले पर्यटकको रोजाइको गन्तव्य बनेको व्यवसायीहरुले सुनाए । यहाँका बेगनास, रुपालगायतका ताल र आसपासका क्षेत्रका स्थानीयहरु प्नि व्यावसायिक माछापालनमा पनि सक्रिय छन् । बेगनास ताल किनाराका माझीकुना, पिप्ले होस् वा ड्याम साइडलागयतका क्षेत्रमा हरेक दिन ठूलो स्᳭यामा पर्यटकहरू माछाका परिकार खानकै लागि आउने गरेका छन्। बेगनास तालको उत्तरी किनारास्थित पिप्ले गाउँका ४२ परिवारमध्ये अधिकांश माछामै निर्भर छन् । यहाँका ३२ परिवार जलारी समुदायका छन् भने छ परिवार विक र चार अन्य समूदायका छन्।

बस्ती बस्नुअघि कहिलेकाँही चलचित्र छायाँङ्कन र पर्यटकको 'क्याम्पिङ' स्थलका रूपमा मात्र रहे पनि यो स्थान अहिले माछाका पारखीको गन्तव्य बनेको स्थानीय दी फिसरम्यान रेष्टुराँका सञ्चालक टेकबहादुर जलारीले बताउनुभयो।

स्थानीय समुदाय झण्डै साढे पाँच दशकयता माछामै निर्भर छन् । माछा बिक्री गरेरै यहाँका अधिकांश परिवारले मासिक रु २० देखि रु ५० हजारसम्म आम्दानी गर्ने गरेका छन् । पिप्लेमा माछा मारेर बेच्ने मात्र नभै माछाका परिकार खुवाउने होटेल तथा रेष्टुरेन्टका कारण यो पर्यटकहरूको माछा खान जाने गन्तव्यका रुपमा स्थापित भएको हो।

पिप्ले जस्तै माछाकै कारण पर्यटकलाई आकर्षित गरेको अर्को गन्तव्य हो बेगनास तालको पूर्वी किनारछेउको माझीकुना । झण्डै एक दशक अघिसम्म खुल्ला चौर वनजङ्गलले भरिएको यो ठाउँ यतिखेर भने पर्यटकीय गन्तव्य जस्तै बनेको छ । केही वर्ष यता मात्रै यस स्थानको महिमा र गरिमा बढेको बताउँदै व्यवसाय जलारीले यहाँ पाइने पोलेको माछा धेरै चर्चामा रहेको बताउनुभयो । पछिल्लो समयमा समाजिक सञ्जालका युट्युव, फेसबुक, टिकटक आदिले पनि माझीकुनाको आकर्षणलाई थप उचाईमा पुऱ्याएको उहाँको बुझाइ छ।

विगत १० वर्ष यता माझीकुनामा पर्यटकीय आकर्षण बढिरहेको उल्लेख गर्दै प्रकाश गेष्ट हाउस एण्ड रेष्टुरेन्टका सञ्चालक प्रकाश लामिछानेले यस क्षेत्रमा हाल २८ वटा होटेल तथा रेष्टुरेन्ट सञ्चालनमा आइसकेको बताउनुभयो । पछिल्लो समयमा यस क्षेत्रका व्यवसायीले पूर्वाधार निर्माणलगायतमा जोड दिएको उहाँले बताउनुभयो। पर्यटन व्यवसायलाई व्यवस्थित गर्न यहाँका व्यवसायीहरू एकजुट बनेको उहाँको भनाइ छ।

बेगनाससँगै यहाँका रूपा, दिपाङ, खास्टे, न्युरेनी, मैदी तालहरूमा माछापालनलाई स्थानीयले जोड दिँदै आएका छन् । रुपातालमा माछाको संरक्षण र उपयोगमा जोड दिँदै रुपाताल पुनःस्थापना तथा मत्स्यपालन सहकारी संस्था क्रियाशील रहेको सो संस्थाका अध्यक्ष शिवराज अधिकारीले बताउनुभयो।

विगतमा अतिक्रमणमा पर्दै गएकोताललाई संरक्षण गर्ने उद्देश्यका साथ २०५८ सालदेखि सहकारी स्थापना गरी माछापालन गर्दै आयआर्जनसमेत गरिँदै आइएको उहाँले बताउनुभयो । यसबाट पर्यटकीय गतिविधि बढेको उनको भनाइ छ । हाल उक्त सहकारीमा एक हजार ३० जना आबद्ध भइसकेका छन् । उहाँले सहकारीअन्तर्गत माछा मार्न, चौकीदार, बैंकिङ कारोबार आदिका लागि २४ जनालाई रोजगारीसमेत दिन सकिएको बताउनुभयो। रासस


मधेश प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

भौतिक पूर्वाधार विकास निर्देशनालय

जनकपुरधाम, धनुषा

मधेश प्रदेश, नेपाल

**मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८१।०४।१३**

यस निर्देशनालयको लागि आ.व. ०८१।८२ मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०७९/०८० को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०८०/०८१ मा यस कार्यालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०८०/०८१ को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ।

**तपसिल**

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा
५. कुरियर सेवा
६. प्रशासनिक विषय संग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धि सफटवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधि संग सम्बन्धी विभिन्न परामर्श सेवा
७. फलफुल विरुवा सप्लाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणाहरु
९. खाजा, खाना, चिया, पानी आदि
१०. विज्ञापन प्रकासन सम्बन्धी
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति, सबै डिजाइन आदि
१२. इन्टरनेट सेवा
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम
१४. इन्धन आपूर्ति गर्ने काम

# जनमतद्वारा मधेश सरकारको समीक्षा



**टुडे समाचारदाता**

जनकपुरधाम। सत्तारुढ जनमत पार्टीले नेतृत्व गरिरहेको मधेश सरकारको समीक्षा गरेका छन् ।

प्रदेश सरकारको नेतृत्व पाएको ५० औं दिनसम्ममा भएको प्रगतिको समीक्षा गर्दै शुक्रबारदेखि बसेको दुई दिने केन्द्रीय सचिवालय बैठक सम्पन्न भएको छ ।

जनमतको केन्द्रीय कार्यालयमा सम्पन्न भएको सो बैठकमा मधेश सरकारलाई प्रभावकारी ढंग्ले सक्रियता बढाउने पार्टीको तर्फबाट चार बुँदे सुझावसहितको निर्णय गर्दै शनिबार सम्पन्न भएको छ ।

सो बैठकमा मधेश सरकार कामकारबाही, सरकार संचालनमा देखिएका कठिनाइको सवालमा केन्द्रित रहेको जनमतका प्रवक्ता शरद यादवले जनाएका छन् ।

उनले भने, 'मधेश सरकारले कार्यभार सम्हालेको करिब ४९ दिनमा के कतिको प्रगति गऱ्यो ? जनताका समस्यामा कतिको काम गऱ्यो ? सरकार सञ्चालन गर्दा के-के समस्याहरू देखा परेका छन् त्यसको बारेमा छलफल केन्द्रित रहेको थियो ।'

उनले मुख्यतः यही सेरोफेरोमा रहेर चलेको बैठकमा मधेस सरकारको ४५ दिनसम्ममा भएको गतिविधिको बारेमा समीक्षा गरेको बताए । उनले त्यसपछि सरकारलाई अझ बढी चलायमान बनाउन समीक्षा बैठकले सुझाव दिएको बताए ।

जनमतको सचिवालय बैठकले यससँगै आगामी दिनमा हुने प्रदेश सरकारको कार्ययोजना बारेमा छलफल गरेको थियो भने प्रदेशमा देखिएका बेथितिलाई सुधार गर्दै सुशासन कायम गर्नतर्फ ध्यान दिन मुख्यमन्त्री सतीशकुमार सिंहलाई निर्देशन दिएको जनाएको छ ।

सो बैठकमा जनमतका अध्यक्ष सीके राउतसमेत थिए ।

# 'दाइजो हटाउन अभियान चलाउनुपर्ने'

शौण्डिक चौरासी समाजको चौंथो महाधिवेशनलाई शुक्रबार लहानमा बोल्दै उनले तराई मधेशमा विद्यमान दाइजो प्रथा हटाउन सरकारी अभियानले मात्रै सम्भव नरहेकाले समाजका सबै जातजातिका बृहत्तर हितका लागि गठन भएका जातीय संघ संस्थाले यसमा ध्यान दिनुपर्ने आवश्यकता बताए ।

**टुडे समाचारदाता**

लहान । महिला बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साहले मधेश प्रदेशमा दाइजो प्रथा हटाउन जातीय संगठनहरू मिलेर अभियान चलाउनुपर्ने बताएका छन् ।

शौण्डिक चौरासी समाजको चौंथो महाधिवेशनलाई शुक्रबार लहानमा बोल्दै उनले तराई मधेशमा विद्यमान दाइजो प्रथा हटाउन सरकारी अभियानले मात्रै सम्भव नरहेकाले समाजका सबै जातजातिका बृहत्तर हितका लागि गठन भएका जातीय संघ संस्थाले यसमा ध्यान दिनुपर्ने आवश्यकता बताए ।

शौण्डिक चौरासी समाजले तेली, हलुवाई, कलवार, जयसवाल, गुप्ता, रौनियार सबैलाई समेटेर वैश्य समाज गठन गरी यसको दायरा बढाए मात्रै राजनीतिक अधिकार र सामाजिक कार्यहरू गर्न सकिने सुझाव उनले दिए ।

पूर्वउपप्रधानमन्त्री तथा भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठले राजनीतिक संकीर्णताले कहीं कतै पनि विकास हुन नसक्ने बताए । उनले भने, "दाइजो प्रथा घर घरको समस्या भएको छ । यसलाई हटाउन सामाजिक जागरण आवश्यक छ । त्यस्तो सामाजिक जागरणका लागि जातीय सङ्गठनहरू मिलाएर अगाडि बढ्नु पर्छ ।"



अल्पसंख्यक र बहुसंख्यक समुदायको बिचमा रहेको दुरीलाई समेत अन्त्य गर्न शौण्डिक समाजले पहल थाल्नुपर्ने पूर्वमन्त्री महासेठले सुझाव दिए । उनले अघि थप्दैं भने, "सुँडीले सुँडी जाति खोजेर विवाह गर्ने परम्परा तोडेर अन्तरजातीय विवाहलाई समेत बढावा दिए दाइजो प्रथालाई हटाउन बल मिल्ने छ ।"

सो कार्यक्रममा सिरहा-१ का संघीय सांसद रामशंकर यादवले लहानको सहरी क्षेत्रमा आधा दर्जन जातीय संघ संस्थाले करोडौंको भवन निर्माण गरेर कार्यालय, सदन सञ्चालनमा ल्याए पनि सामाजिक जागरण ल्याउन, विकृति हटाउन कुनै कार्यक्रम सञ्चालनमा ल्याउन नसक्नु विडम्बना भएको बताए ।

# त्रिशूलीमा बसजस्तै बस्तु देखिएको आशंका



**टुडे समाचारदाता**

चितवन । चितवनको भरतपुर महानगरपालिका-२९ स्थित केराबारीमा बसजस्तै आकृतिको शंकास्पद वस्तु देखिएको छ । त्रिशूलीको बीच भागमा देखिएको बस्तु यकिन गर्न गोताखोरलाई खबर गरिएको जिल्ला प्रहरी कार्यालय चितवनका डीएसपी भेषराज रिजालले जानकारी दिए ।

असार २८ मा काठमाण्डुबाट गौर जाँदै गरेको बागमती प्रदेश-०३-००१ ख २४९५ नम्बरको गणपति डिलक्स र वीरगञ्जबाट काठमाण्डुतर्फ आउँदै गरेको बागमती प्रदेश-०३-००६ ख १५१६ नम्बरको एन्जल डिलक्स त्रिशूलीमा खसेका थिए । दुवै बसको अवस्था अहिलेसम्म अज्ञात नै रहेको छ । बसमा सवार रहेका ६५ जनामध्ये २५ जनाको शव भेटिएको छ ।

चितवनको भरतपुर महानगरपालिका-२९ स्थित सीमलतालबाट बस त्रिशूलीमा खसेको थियो ।

# वन अतिक्रमणमुक्त गर्न चलाइयो डोजर

**टुडे समाचारदाता**

लहान । सिराहामा वन अतिक्रमण गरेर व्यक्तिले बनाएको घर टहरा डिभिजन वन कार्यालयले भत्काएको छ । सिराहाको नरहा गाउँपालिका -३ स्थित जोवहा प्राकृतिक सामुदायिक वन क्षेत्रको दुई हेक्टर जमिन अतिक्रमण गरी बनाएको घर तथा टहराहरु डिभिजन वन कार्यालय लहानले आज भत्काएको छ ।

राजनीतिक संरक्षणमा वर्षौंदेखि वनको जग्गा अतिक्रमण गरेर मदिरा पसल सञ्चालन गर्दै आएका पाँच परिवारका पक्की तथा खरका घरहरूकानुनबमोजिमभत्काइएको डिभिजन वन कार्यालय सिराहाका प्रमुख अधिकृत सुजीतकुमार झाले जनाए ।



वन कर्मचारी सामुदायिक वनका पदाधिकारी र अन्य सुरक्षाकर्मीको सहयोगमा घर खाली गराउने र डोजर लगाएर भत्काउने काम भएको वन अधिकृत झाले बताए ।

वन कार्यालयले पटक पटक जमिन खाली गराउन लिखित जानकारी गराउँदा पनि अटेरी गरेपछि आज बल प्रयोग गर्नु परेको प्रमुख झाको भनाइ थियो । वन कार्यालयको मुख्य जिम्मेवारी नै वन संरक्षण गर्नु भएको बताउँदै वन अधिकृत झाले सोही कार्य अनुसार शनिबार अतिक्रमित जग्गा खाली गराएको बताए ।

वन समिति र वन कार्यालयले दशकौं देखि जमिन खाली गराउने प्रयास गरेको भएपनि सकिरहेको थिएन । यस पटक वन कार्यालय, सामुदायिक वन, स्थानीय र प्रदेश सरकारको सक्रियतामा जमिन खाली गराइएको छ ।

उनले मारुती सिमेन्ट उद्योग र सौर्या सिमेन्ट उद्योगले अतिक्रमण गरेको जमिनको विषयमा पनि प्रक्रिया अगाडि बढिरहेको बताए । सिरहा जिल्लामा २७ हजार ९ सय ७ हेक्टर वन क्षेत्र रहेको छ । हाल सिराहामा राजनीतिक संरक्षणमा ४ हजार हेक्टरभन्दा बढी जमिन अतिक्रमण भएको छ ।

# सर्पदंशका बिरामीको निःशुल्क उपचार गर्ने

**टुडे समाचारदाता**

बर्दिबास।महोत्तरीकोबर्दिबास नगरपालिकाले सर्पदंशका बिरामीको निःशुल्क उपचार गर्ने जनाएको छ ।

जिल्लाको बर्दिबास -३ स्थित गौरीडाँडामा विगत १० वर्षदेखि सर्पदंश उपचार केन्द्र सञ्चालित छ। शुक्रबार सो केन्द्रमा पुगेर बर्दिबास नगरपालिकाका मेयर प्रल्हादकुमार क्षेत्रीले आलु आर्थिक वर्षमा सर्पदंशका बिरामीको निःशुल्क उपचार गर्ने घोषणा गरेका छन् ।

यसका लागि चालु आर्थिक वर्षमा बर्दिबास नगरपालिकाले चार लाख रुपियाँ उपलब्ध गराउने उनले बताए। यो सहयोगले बर्दिबास नगर क्षेत्रका १४ वटै वडाबाट भर्ना भएका सर्पदंशका बिरामीको निःशुल्क उपचारमा पर्याप्त हुने उनको दाबी छ । बिरामीको चाप बढेर खर्च अपुग भएमा पुनः थप्दै जाने पनि उनले बताए। केन्द्रले सर्पले टोकेका बिरामीको उपचार गर्दा जनही दुई हजार र बिच्छी तथा खजुरोले टोकेर आएका बिरामीसँग एक हजार रुपैयाँ शुल्क लिँदै आएको छ ।

सो केन्द्रमा नेपाली सेनाका छ जना जनशक्तिले उपचार सेवा दिँदै आएका छन् ।

बर्दिबास नगर क्षेत्रका बिरामीले अब त्यो रकम तिर्नु नपर्ने घोषणा मेयर क्षेत्रीले गरेका छन् ।

यस केन्द्रमा भारतको सीतामढीसम्मका बिरामीसमेत उपचारको लागि आउने गरेका छन्। त्यसैगरी महोत्तरी, सर्लाही, धनुषा, सिराहा, सप्तरी, दोलखा, रामेछाप, सिन्धुली, ओखलढुंगासम्मका सर्पदंशका बिरामी केन्द्रमा उपचारको लागि आउने गरेका छन् ।

# 'व्यवसायीहरुको समस्याप्रति मधेश सरकार गम्भीर'

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उद्योग वाणिज्य संघको ५७ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ ।

जनकपुरधाममा शनिबार उद्योग वाणिज्य संघको साधारणसभाको उद्घाटन गर्दै मुख्यमन्त्री सतीशकुमार सिंहले आफू व्यवसायीहरुको समस्याप्रति गम्भीर रहेको बताएका छन् ।



उनले आफू पनि सप्तरीमा उद्योग वाणिज्य संघको सदस्य रहेको बताउँदै मुख्यमन्त्री सिंहले

व्यवसायीहरुलाई सीमानाका क्षेत्रबाट सामग्री ल्याउनमा निकै समस्या रहेको बताउँदै मुख्यमन्त्री सिंहले व्यापारीहरुलाई सीमापारबाट सामग्री ल्याउन समस्या भइरहेको, राजस्व वृद्धिले व्यवसायीहरु मर्कामा रहेको, करको समस्या, दक्ष जनशक्तिको अभावसमेत रहेको भने ।

उनले मधेशमा रोजगारीको समस्या पनि रहेकाले यस प्रति प्रदेश सरकार गम्भीर रहको बताए । उनले रोजगारीका लागि धनुषा-सिरहा कमला नदी क्षेत्रमा सयौं विघा जग्गामा खेतीपाती गरी रोजगारीको सिर्जना गरिने योजना रहेको बताए ।

उनले सुनकोशी डाइभर्सनले मधेशमा समेत सिचाइँको समस्या हल हुने छ । प्रत्येक वर्ष हुँदै आएका विपदको समस्या समेत यसबाट न्यूनीकरण हुने उनको भनाइ छ ।

उनले मधेशमा पनि अधिकांश कामदारका सवालमा भारतीय नागरिकहरु नै रहेका बताए । मधेश प्रदेशको व्यापार, व्यवसाय, उद्योग संचालनलगायतका सवालमा पनि विशेषगरी कामदारका रुपमा भारतीय नै रहने गरेकाले स्थानीय युवालाई रोजगारीको समस्या भएको समेत बताए ।

उनले व्यवसायी तथा व्यापारीहरुको हकहितका लागि सकारात्मक रहेकाले नीति निर्माण तहमा सरोकारवाललाई सहभागी गराइने प्रतिवद्धता व्यक्त गरे ।

मधेश प्रदेशको विभिन्न भन्सार नाकाबाट व्यवसायलाई सामग्री भित्रियाउन निकै समस्या र चुनौती हुने गरेको समेत उनले स्मरण गरे ।

जउवा संघको अध्यक्ष जितेन्द्र कुमार महासेठको अध्यक्षतामा भएको साधारणसभामा विभिन्न वक्ताले शुभकामना मन्तव्य दिएका थिए ।

# चरेससहित भारतीय युवक पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज। सशस्त्र प्रहरी बलले पर्साको पोखरिया नगरपालिका-१ स्थित बनकटवाबाट १२ किलो चरेस, विभिन्न किसिमका सामान र एउटा मोटरसाइकलसहित युवकलाई नियन्त्रणमा लिएको छ ।



भारतको पश्चिम चम्पारन विसनपुर मटेरवा बस्ने १८ वर्षीय कुञ्जनकुमार महतोलाई शनिबार सशस्त्र प्रहरी बलको सुरक्षा बेस पोखरियाले नियन्त्रणमा लिएको छ।

बीआर २२ एबी १२९२ नम्बरको मोटरसाइकलमा नेपालबाट भारततर्फ जाँदै गरेका उनलाई शंका लागि जाँच गर्दा महतोको साथबाट १२ केजी चरेस, ५ हजार ४२० भारतीय रुपैयाँ, १ थान मोबाइल सेटसहित नियन्त्रणमा लिएको सशस्त्र प्रहरीले जनाएको छ ।

सशस्त्र प्रहरीले जनाएअनुसार नियन्त्रणमा लिइएका आरोपित महतोलाई बरामद सामान र मोटरसाइकलसहित आवश्यक कारबाहीको लागि नेपाल प्रहरीलाई जिम्मा लगाइएको छ ।

# ठाडी भन्सारबाट राजस्वमा कमी




**टुडे समाचारदाता**

लहान । सिरहाको भगवानपुर गाउँपालिका-४ स्थित ठाडी भन्सार कार्यालयको राजस्व संकलनमा कमी आएको छ । सो भन्सार कार्यालयबाट राजस्व संकलन लक्ष्यभन्दा आधाले घटेको जनाएको छ । भन्सार कार्यालयले गत आर्थिक वर्षमा लक्ष्यभन्दा पाँच करोड राजस्व कम सङ्कलन गरेको छ ।

सो कार्यालयले गत आवमा नौ करोड ९ लाख ९३ हजार रुपैयाँ राजस्व असुली गर्ने लक्ष्य लिएकामा चार करोड १९ लाख २२ हजार रुपैयाँ राजस्व संकलन गरेको कार्यालयका सूचना अधिकारी विनय चौधरीले जनाए। कार्यालयले राजस्व चुहावट नियन्त्रण, चोरीपैठारी रोक्न नियमित भन्सार गस्ती, सशस्त्र प्रहरी र जनपथ प्रहरीबाट चार सय ५० मुद्दा दर्ता भई चार सय २० मुद्दाको टुंगो लगाएको सूचना अधिकारी चौधरीले बताए ।

कार्यालय प्रमुख मुकेशकुमार पाठकले राजस्व असुलीमा आर्थिक मन्दीको प्रत्यक्ष असर परेको बताउँदै पर्याप्त जनशक्ति नहुँदा अवैध चोरी पैठारी नियन्त्रण गर्न कठिनाइ भइरहेको जानकारी दिए। उनले भारतबाट भित्रिने सवार ।साधन, टायल्स तथा मार्बलबाट बढी राजस्व सङ्कलन हुने गरेको बताए । उनले पछिल्लो समय निर्यातको अवस्था पनि कमजोर रहेको उल्लेख गरे । वि.सं.२०७५ अघि छोटी भन्सारका रूपमा रहेको उक्त कार्यालय वि.सं.२०७७ देखि ठाडी भन्सारका रूपमा रूपान्तरण भएको थियो ।

यस कार्यालयमा प्रमुखसहित १९ जनाको स्वीकृत दरबन्दी रहेकामा हाल कार्यालयमा स्थायी ९ जना र करारमा दुईजना कर्मचारी कार्यरत्त छन् ।

ठाडी भन्सार कार्यालयले गत आवमा लक्ष्यअनुसार राजस्व सङ्कलन गर्न नसकेपछि चालु आवमा चार करोड २३ लाख ४२ हजार रुपैयाँको लक्ष्य पाएको प्रमुख पाठकले बताए ।

# रेल लिकमा एक युवकको खुट्टा काटियो

**टुडे समाचारदाता**

जनकपुरधाम। रेलको लिकमा हाम फाल्दा एक ३५ वर्षीय युवकको दुबै खुट्टा काटिएको छ। शनिबार जयनगर-बर्दिवास रेल खण्डस्थित खजुरी स्टेशनको ३ सय मिटर पश्चिमतर्फ गुडिरहेको रेल अगाडि अचानक हामफाल्दा रेलको लिकमा परी धनुषाको जनकनन्दिनी गाउँपालिका- ३ स्थित महुवाका मिश्री दासको ३५ बर्षिय छोरा श्रीराम दासको दुवै खुट्टा काटिएको छ ।

बिहानको करिब १०:४९ बजेको समयमा जयनगरबाट जनकपुरधामतर्फ आउँदै गरेको रेल खजुरी स्टेशनबाट छुटेपछि गुडिरहेको रेल अगाडि अचानक हामफाल्दा दासको खुट्टा काटिएको नेपाल रेल्वे कम्पनीका सहायक प्रशासन प्रमुख रिञ्जीत ठाकुरले जानकारी दिए ।



उनले भने, "खजुरी स्टेशनबाट छुटेपछि ट्रेनको स्पीड ४० थियो, त्यस्तो स्पीडमा अचानक रेल अगाडि आएर हामफालेका कारण रेल रोक्न सकिएन, ट्रेन रोक्न प्रयास गरिएको थियो ।"

उनले यसअघि पनि आत्महत्या गर्ने उद्देश्यले रेलको लिकमा आएर सुतेका घटना सुनाउँदै त्यस्तालाई प्रहरीको जिम्मा लगाइएको र दास अहिले अचेत अवस्थामा भएका कारण के कारण हामफालेको भन्नेबारे खुल्न बाँकी रहेको उनले बताए । दासलाई तत्काल उपचारका लागि जनकपुरधाम प्रादेशिक अस्पताल लगिएको जनाइएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८